# आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिको मध्यावधि समीक्षा

## पृष्ठभूमि

१. आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीति २०६२ श्रावण ७ गते सार्वजनिक जानकारीका लागि प्रकाशित गरिएको थियो। मौद्रिक नीतिको प्रभावकारिता यस नीतिको तर्जुमा र कार्यान्वयनले मात्र बढ्दैन। समय-समयमा मौद्रिक नीतिका साझेदार लगायत सर्वसाधारणसँग गरिने यसको प्रसारण र मौद्रिक व्यवस्थापनको पारदर्शितालाई मौद्रिक नीतिको प्रभावकारिता बढाउने महत्वपूर्ण रणनीतिको रुपमा लिइने गरिएको छ। यसै तथ्यलाई दृष्टिगत गरी वार्षिक मौद्रिक नीतिको मध्यावधि समीक्षा तयार पारी सार्वजनिक जानकारीको लागि प्रकाशनमा ल्याइने गरिएको छ। प्रस्तुत मौद्रिक नीतिको मध्यावधि समीक्षा मौद्रिक नीतिको उद्देश्य, रणनीतिक लक्ष्य, सञ्चालन लक्ष्य, मौद्रिक उपाय र नीतिगत सुधारको अवस्था तथा कार्यान्वयन स्थितिको विश्लेषणमा केन्द्रित छ।

२. यस क्रममा यस मध्यावधि समीक्षालाई निम्नानुसार छ खण्डमा प्रस्तुत गरिएको छ :

(क) आर्थिक विश्लेषण,

(ख) मौद्रिक विश्लेषण तथा मौद्रिक व्यवस्थापन,

(ग) वार्षिक मौद्रिक नीतिमा उल्लेख भएका वित्तीय तथा बाह्य क्षेत्रसम्बन्धी व्यवस्थाहरुको अर्धवार्षिक समीक्षा,

(घ) आर्थिक तथा मौद्रिक परिदृश्य (Economic and Monetary Outlook),

(ङ) मौद्रिक नीतिको रुझान र

(च) निष्कर्ष।

## आर्थिक विश्लेषण

### कुल गार्हस्थ्य उत्पादन

३. केन्द्रीय तथ्याङ्क विभागले हालसालै (२०६२ माघ २ गते) सार्वजनिक गरेको आर्थिक वर्ष २०६१।६२ को राष्ट्रिय लेखासम्बन्धी तथ्याङ्कहरुको संशोधित अनुमानअनुसार आर्थिक वर्ष २०६१।६२ मा कुल गार्हस्थ्य उत्पादन साधनको लागत मूल्यमा २.३ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६०।६१ को कुल गार्हस्थ्य उत्पादन साधनको लागत मूल्यमा ३.५ प्रतिशतले वृद्धि भएको थियो।

४. कुल गार्हस्थ्य उत्पादनमध्ये कृषि क्षेत्रको वृद्धिदर आर्थिक वर्ष २०६०।६१ मा ३.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१।६२ मा ३.० प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागले संशोधित अनुमान गरेको छ। नगदेवाली, पशुधनजन्य उत्पादन, माछा तथा वनजन्य उत्पादनमा आर्थिक वर्ष २०६०।६१ को तुलनामा आर्थिक वर्ष २०६१।६२ मा सकारात्मक वृद्धि रहे तापनि खाद्यान्न वालीमा नगण्य वृद्धि रहेबाट समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६१।६२ मा न्यून रहेको सो विभागले जनाएको छ। आर्थिक वर्ष २०६१।६२ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा २.७ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०६०।६१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ३.८ प्रतिशतले बढेको थियो।

५. आर्थिक वर्ष २०६१।६२ मा गैरकृषि क्षेत्रको उत्पादन २.१ प्रतिशतले वृद्धि हुने केन्द्रीय तथ्याङ्क विभागको संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०६०।६१ मा गैरकृषि क्षेत्रको उत्पादन वृद्धिदर ३.४ प्रतिशत रहेको थियो । तयारी पोशाकको उत्पादनमा व्यापक गिरावट, निर्माणजन्य वस्तुहरुको आयातमा कमी तथा आन्तरिक उत्पादनमा नगण्य वृद्धिको साथै समग्र निर्माण क्षेत्रको वृद्धिदर ऋणात्मक र पर्यटन आगमन तथा होटल क्षेत्रको आयमा उच्च गिरावट आई व्यापार, होटल तथा रेष्टुरेण्ट क्षेत्रको पनि ऋणात्मक वृद्धिका कारण गैरकृषि क्षेत्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६१।६२ मा न्यून रहेको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ ।

६. समग्रमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६१।६२ को कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा नगदेवाली, यातायात तथा सञ्चार, वित्त तथा रियल इस्टेष्ट र विद्युत्, ग्यास तथा पानी क्षेत्रको मूल्य अभिवृद्धिको प्रमुख योगदान रह्यो ।

७. अर्थतन्त्रको सम्भाव्य उत्पादन (potential output) लाई अर्थतन्त्रको उत्पादनशील क्षमताले निर्धारण गर्दछ । अर्थतन्त्रको उत्पादनशील क्षमता भौतिक पूँजी, श्रम तथा प्रविधिको विकासमा निर्भर रहन्छ । यथार्थपरक तथ्याङ्कको अपर्याप्तताले उपरोक्त तत्वहरुको आधारमा सम्भाव्य उत्पादन निकाल्न नसकिने भएकोले विगत वर्षहरुको उत्पादन प्रवृत्तिको आधारमा मुद्रास्फीतिमा चाप नपार्ने औसत सम्भाव्य उत्पादन (non-inflationary potential output)[1] वृद्धिदर हाललाई ४.५ प्रतिशत आंकिएको छ । यथार्थ आर्थिक वृद्धिदर र सम्भाव्य उत्पादन वृद्धिदरको आधारमा उत्पादन अन्तराल (output gap)[2] को हिसाब गर्दा विगत चार वर्षयता उत्पादन अन्तराल लगातार ऋणात्मक रहेको स्पष्ट छ (तालिका १) ।

---

[1] $\text{Log}(RGDP_{FC}) = 11.71 + 0.045\,(\text{trend})$ जहाँ, $RGDP_{FC}$ = Real GDP at factor cost, कोष्टमा रहेको अङ्कले t-statistics बुझाउँछ ।

(728) (38)

Adjusted R-squared = 0.98

F-statistics = 1.483

D.W = 0.65, sample period 1988–2005

[2] उत्पादन अन्तराल (Output gap) = यथार्थ उत्पादन (Actual GDP) – सम्भाव्य उत्पादन (Potential GDP) .

यथार्थ उत्पादन वृद्धिदर सम्भाव्य उत्पादन वृद्धिदरभन्दा बढी भएमा उत्पादन अन्तराल घनात्मक र यसको ठीक विपरीत यथार्थ उत्पादन वृद्धिदर सम्भाव्य उत्पादन वृद्धिदरभन्दा कम रहे उत्पादन अन्तराल ऋणात्मक रहेको मानिन्छ ।

**तालिका १ : उत्पादन अन्तराल (Output Gap) को स्थिति**

प्रतिशतमा

| आर्थिक वर्ष | यथार्थ आर्थिक वृद्धिदर* | सम्भाव्य आर्थिक वृद्धिदर | उत्पादन अन्तराल |
|---|---|---|---|
| २०५८।५९ | -०.४ | ४.५ | -४.९ |
| २०५९।६० | ३.० | ४.५ | -१.५ |
| २०६०।६१ | ३.५ | ४.५ | -१.० |
| २०६१।६२ | २.३ | ४.५ | -२.३ |

* कुल गार्हस्थ उत्पादन साधनको लागत मूल्यको आधारमा ।

८. उत्पादन अन्तराल घनात्मक वा ऋणात्मक रहनुमा समष्टिगत मागको स्थितिको केही भूमिका रहने गर्दछ । यसै सन्दर्भमा, माग पक्षबाट कुल गार्हस्थ्य उत्पादनको विश्लेषण गर्दा आर्थिक वर्ष २०६१।६२ मा आन्तरिक मागको वृद्धिदर अघिल्लो वर्ष (८.७ प्रतिशत) को तुलनामा न्यून (६.८ प्रतिशत) रहेको छ भने बाह्य माग (export of goods and services) को वृद्धिदर ४.७ प्रतिशतले ऋणात्मक रह्यो । खुद बाह्य माग (net export of goods and non-factor services) को वृद्धिदर आर्थिक वर्ष २०६१।६२ मा पनि ऋणात्मक नै रह्यो । श्री ५ को सरकारको पूँजीगत खर्च वृद्धि नगण्य रहेको, निजी लगानीको ह्रासोन्मुख वृद्धिदर र तेस्रो मुलुकबाट नेपाली वस्तु तथा सेवाको मागमा तीव्र गिरावट आएकोले आर्थिक वर्ष २०६१।६२ मा समग्र आर्थिक वृद्धिदर न्यून रहेको हो ।

९. समष्टिगत मागको वृद्धिदरमा ह्रास आएको कारण समेतले गर्दा विगत चार वर्षयता उत्पादन अन्तराल लगातार ऋणात्मक रहेबाट भौतिक पूँजीको उपयोग न्यून (underutilization of capital stock) रहेको स्पष्ट हुन्छ (तालिका १)। त्यस्तैगरी श्रमको उपयोग अर्थात् बेरोजगारीको अनुपात बढेको देखिन्छ । नेपाली श्रमिक बाह्य मुलुकमा कामको खोजीमा जाने प्रवृत्ति बढ्ने क्रममा रहेको हुनाले विद्यमान द्वन्द्वको स्थितिमा पनि बेरोजगारीको चाप प्रकट भएको देखिंदैन । समष्टिगत मागको वृद्धिदर घट्न गएको कारणले उत्पादन अन्तराल ऋणात्मक रहनु स्वाभाविक नै हो । तर, विगत एक दशक यता मुलुकमा द्वन्द्वको स्थिति रहेको कारणले समेत उत्पादन अन्तराल ऋणात्मक रहेको हो । निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहले समष्टिगत मागलाई उकासे तापनि नेपाल जस्तो खुला अर्थतन्त्रमा स्वदेशी उत्पादनमा विविध अड्चन देखा परिरहेको वर्तमान स्थितिमा समष्टिगत माग वृद्धिको असर उत्पादनमा भन्दा पनि आयातमा पर्न गएको देखिन्छ ।

१०. कुल गार्हस्थ्य उत्पादनसम्बन्धी समष्टिगत तथ्याङ्कलाई वार्षिकभन्दा छोटो अवधिको आवृत्तिमा (higher frequency) तयार पार्ने पद्धतिको विकास भई नसकेको हुँदा आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनासम्मको उत्पादनशील क्षेत्रको एकीकृत विश्लेषण गर्न गाह्रो छ । कृषिसम्बन्धी उपलब्ध तथ्याङ्कअनुसार खाद्यान्न वालीको उत्पादन आर्थिक वर्ष २०६२।६३ मा पनि ०.३ प्रतिशतले घट्ने अनुमान छ । खाद्यान्न वालीमध्ये कृषि गार्हस्थ्य उत्पादनमा करिब २०.० प्रतिशत भार रहेको धानको उत्पादन १.९ प्रतिशतले घट्ने र यस हिउँदमा पानी नपरेकोले गहुँको उत्पादन सन्तोषजनक नरहने देखिएकोले समग्र खाद्यान्न वालीको उत्पादन घट्ने अनुमान गरिएको हो ।

११. आर्थिक वर्ष २०६२।६३ को प्रथम त्रैमासिक अवधिमा औद्योगिक उत्पादन सूचकाङ्क २.४ प्रतिशतले बढ्ने अनुमान छ। आर्थिक वर्ष २०६१।६२ को सोही त्रयमासमा औद्योगिक उत्पादन सूचकाङ्क ४.० प्रतिशतले बढेको थियो। तयारी पोशाकको उत्पादनमा उल्लेख्य ह्रासका साथै प्लाइउड, न्यूज पेपर, इँटा र कागजका सामाग्रीहरुको उत्पादनमा कमी आएका कारण आर्थिक वर्ष २०६२।६३ को प्रथम त्रैमासिक अवधिमा औद्योगिक उत्पादन सूचकाङ्क २.४ प्रतिशतले न्यून वृद्धि भएको हो।

१२. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा पर्यटन आगमन भने १९.८ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा पर्यटन आगमन १३.१ प्रतिशतले घटेको थियो। शान्ति सुरक्षाको स्थितिमा तुलनात्मक रुपमा सुधार आएकोले आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको हो।

**वस्तु तथा सम्पत्तिको मूल्यस्थिति**

१३. मूल्यस्थितितर्फ आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा नेपाली अर्थतन्त्रले चापको स्थिति भोग्नुपर्‍यो। तर, २०६२ पौष महिनाको उपभोक्ता मुद्रास्फीतिमा भने सुधारको सङ्केत देखापरेको छ। २०६१ पौषमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको प्रभाव निस्तेज भएको र खाद्य मूल्यमा केही सुधार आएकोले हाल आएर समग्र मुद्रास्फीतिमा रहेको चाप केही मत्थर भएको हो। २०६१ माघमा मूल्य अभिवृद्धि करको दरमा र २०६२ भाद्र ३ मा पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको थियो। मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धिदरको मूल्यमा परेको प्रभावका कारण समग्र मूल्यमा २०६२ पौषसम्म र पेट्रोलियम पदार्थको मूल्य समायोजनको प्रभाव २०६३ श्रावणसम्ममा रहने देखिन्छ। अन्य कारक तत्वहरु यथावत रहेमा आर्थिक वर्ष २०६२।६३ को दोस्रो अर्धवार्षिक अवधिमा मूल्यमा चापको स्थिति रहे पनि चापको दायरा (magnitude) भने नियन्त्रित रहने देखिन्छ।

१४. आर्थिक वर्ष २०५६।५७ देखि आर्थिक वर्ष २०६१।६२ सम्मको ६ वर्षको अवधिमा राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित औसत मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल रह्यो (तालिका २)। आर्थिक वर्ष २०५७।५८ मा न्यूनतम २.४ प्रतिशत र आर्थिक वर्ष २०६१।६२ मा अधिकतम ४.५ प्रतिशत रही विगत ६ वर्षको अवधिको औसत मुद्रास्फीतिदर ३.७ प्रतिशत रह्यो। यस अवधिको ठीक अगाडि ६ वर्षको अवधिमा औसत मुद्रास्फीति ८.८ प्रतिशत रहेको थियो। अन्तर्राष्ट्रिय स्तरमा मुद्रास्फीतिदर न्यून रहेको र नेपालमा कृषि क्षेत्रको उत्पादन वृद्धिदर तुलनात्मक रुपले सन्तोषजनक (विगत ६ वर्षको औसत ३.७ प्रतिशत) रहेबाट विगत ६ वर्षको अवधिमा नेपालमा औसत मुद्रास्फीति ५.० प्रतिशत मुनि रहेको हो।

**तालिका २ : विगत वर्षहरुमा औसत मुद्रास्फीति प्रवृत्ति**

(प्रतिशतमा)

| न्यून मुद्रास्फीति वर्षहरु | |
|---|---|
| आर्थिक वर्ष | मुद्रास्फीति |
| २०५६।५७ | ३.४ |
| २०५७।५८ | २.४ |
| २०५८।५९ | २.९ |
| २०५९।६० | ४.८ |
| २०६०।६१ | ४.० |
| २०६१।६२ | ४.५ |
| औसत | ३.७ |

| उच्च मुद्रास्फीति वर्षहरु | |
|---|---|
| आर्थिक वर्ष | मुद्रास्फीति |
| २०५०।५१ | ९.९ |
| २०५१।५२ | ७.७ |
| २०५२।५३ | ८.१ |
| २०५३।५४ | ८.१ |
| २०५४।५५ | ८.३ |
| २०५५।५६ | ११.५ |
| औसत | ८.८ |

१५. विगत ६ वर्षको अवधिमा न्यून मुद्रास्फीतिदर रहेको तुलनामा आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा मुद्रास्फीतिमा चाप परेको स्थिति छ। तर, आर्थिक वर्ष २०६२।६३ को छैटौं महिना अर्थात् २०६२ पौष महिनामा भने मुद्रास्फीतिमा देखिएको चापमा केही सुधार आएको छ । आर्थिक वर्ष २०६२।६३ को प्रथम महिनादेखि नै मुद्रास्फीतिदर बढ्न थालेको हो । उदाहरणको लागि २०६२।६३ को प्रथम महिना अर्थात् २०६२ श्रावणमा बिन्दुगत आधारमा उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीति ७.३ प्रतिशत रह्यो । सो मुद्रास्फीति क्रमशः बढ्दै गई २०६२ भाद्रमा ८.२ प्रतिशत, २०६२ असोजमा ७.८ प्रतिशत, २०६२ कार्तिकमा ८.५ प्रतिशत र २०६२ मंसिरमा ८.८ प्रतिशतसम्म पुग्यो । तर, २०६२ पौष महिनामा भने मुद्रास्फीति बढ्ने क्रम रोकिइ उक्त महिनामा मुद्रास्फीतिदर ७.० प्रतिशतमा झरेको छ (तालिका ३) । वास्तवमा २०६१ पौषमा इन्धनको मूल्यमा वृद्धि भएदेखि मुद्रास्फीतिमा चाप पर्न थालेको हो । २०६१ माघदेखि मूल्य अभिवृद्धिकर १०.० प्रतिशतबाट १३.० प्रतिशतमा बढाइएको र २०६२ भाद्रमा इन्धनको मूल्यमा पुनः वृद्धि भएबाट मूल्यमा थप चाप परेको हो । यसको साथै चामल तथा चामलजन्य वस्तुहरुको मूल्य वृद्धिदर निकै नै उच्च रहन गएबाट २०६२ मंसिर महिनासम्म मुद्रास्फीतिमा चाप पर्ने स्थिति यथावत् रहेको हो । २०६१ पौषमा बढेको इन्धनको मूल्यको प्रभाव हटे पनि २०६२ श्रावणमा बढेको इन्धनको मूल्यको प्रभाव भने यथावत् रहेको र क्रमशः चामल तथा चामलजन्य वस्तुहरुको मूल्य वृद्धिदर क्रमशः घट्ने क्रम सुरु भएकोले २०६२ पौषमा आएर मुद्रास्फीतिमा सुधार आउन थालेको हो । मुद्रास्फीतिमा प्रभाव पार्ने कारक तत्वहरु यथावत् रहेमा चालू आर्थिक वर्षको बाँकी अवधिमा मुद्रास्फीतिमा तिव्र रुपले वृद्धि हुने क्रम रोकिने अपेक्षा राखिएको छ ।

१६. खाद्यान्नको मूल्य, उर्जाको मूल्य, सरकार निर्धारित मूल्य र अप्रत्यक्ष करलाई हटाएर माग पक्ष र मुद्रास्फीतिकारी अपेक्षा (inflationary expectation) बाट प्रभावित हुने मूल्यस्थिति थाहा पाउन विश्वका केही केन्द्रीय बैंकहरुले अन्तर्निहित (core) मुद्रास्फीति निकाली त्यसको आधारमा मौद्रिक व्यवस्थापन गरिरहेको सन्दर्भमा यस बैंकले पनि चामल तथा चामलजन्य पदार्थ, तरकारी तथा फलफूल, इन्धन, बत्ती तथा पानी र यातायातलाई हटाएर अन्तर्निहित

मुद्रास्फीति निकाल्न थालेको छ। यस विधि (exclusion method) बाट निकालिएको अन्तर्निहित मुद्रास्फीति २०६२ पौष महिनामा वार्षिक बिन्दुगत आधारमा ४.६ प्रतिशत रह्यो (तालिका ३)। २०६१ पौष महिनामा वार्षिक बिन्दुगत अन्तर्निहित मुद्रास्फीति ३.१ प्रतिशत रहेको थियो। मूल्य अभिवृद्धिकरको दरलाई २०६१ माघमा १०.० प्रतिशतबाट १३.० प्रतिशतमा पुऱ्याइएपछि यसको प्रभावलाई मुद्रास्फीति सूचकाङ्कबाट हटाउन नसकी त्यसको प्रभाव यथावत् रहेको र मुद्रास्फीतिकारी अपेक्षा बढेकाले आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा अन्तर्निहित मुद्रास्फीति उच्च देखिएको हो।

१७. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा वार्षिक बिन्दुगत आधारमा थोक मूल्य मुद्रास्फीति ८.२ प्रतिशतको उच्च दरले बढ्यो (तालिका ३)। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा थोक मूल्य मुद्रास्फीतिदर ६.९ प्रतिशत मात्र रहेको थियो। पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य वृद्धि १४.६ प्रतिशत, नगदेवालीहरुको २४.४ प्रतिशत, रसायनिक मल तथा रसायनिक वस्तुहरुको १९.८ प्रतिशत र खाद्यान्नको थोक मूल्यसूची १०.१ प्रतिशतले बढेकोले यस अवधिमा थोक मुद्रास्फीति उच्च रहेको हो।

**तालिका ३ : मुद्रास्फीति (बिन्दुगत प्रतिशत)**

| | प्रथम ६ महिना | |
|---|---|---|
| | २०६१।६२ | २०६२।६३ |
| उपभोक्ता मुद्रास्फीति | ४.६ | ७.० |
| खाद्यान्न | ३.४ | ८.१ |
| गैरखाद्यान्न | ५.७ | ५.९ |
| उपभोक्ता अन्तर्निहित मुद्रास्फीति | ३.४ | ४.५ |
| थोक मुद्रास्फीति | ६.९ | ८.२ |
| तलब तथा ज्यालादर सूचकाङ्क | -- | ४.३ |
| तलब सूचकाङ्क | -- | ०.४ |
| ज्यालादर सूचकाङ्क | -- | ५.७ |

१८. आर्थिक वर्ष २०६२।६३ देखि यस बैंकले तलब तथा ज्यालादर सूचकाङ्क तयार पार्ने कार्य सुरु गरेको छ। आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा तलब तथा ज्यालादर सूचकाङ्क ४.३ प्रतिशतले बढ्यो (तालिका ३)। यसमध्ये, तलब सूचकाङ्क ०.४ प्रतिशतले बढ्यो भने ज्यालादर सूचकाङ्क ५.७ प्रतिशतले बढ्यो। यस अवधिमा निजामती सेवा, सैनिक तथा पुलिस सेवा, शिक्षा सेवा र निजी कम्पनी सेवाको तलब बढेको छैन भने सार्वजनिक संस्थान र बैंक तथा वित्तीय संस्थाहरुमा तलब बढेको छ। नेपाली श्रमिक बाहिरिएको कारण समेतले कृषि मजदुर र औद्योगिक मजदुर समूहको ज्यालादर बढेको छ। फलस्वरुप, समग्र ज्यालादर बढेको हो।

१९. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा सम्पत्तिको मूल्यस्थितितर्फ शेयरको मूल्य वृद्धि उच्च रहेको छ। २०६२ पौष मसान्तमा नेप्से सूचकाङ्कको वार्षिक बिन्दुगत

आधारमा २७.५ प्रतिशतले बढी ३०५.५ पुगेको छ। २०६१ पौष मसान्तमा नेप्से सूचकाङ्कको औसत वार्षिक बिन्दुगत वृद्धिदर १५.० प्रतिशत रहेको थियो। निजी क्षेत्रको विप्रेषण आप्रवाह बढ्ने क्रम जारी रहेको, लगानीका वैकल्पिक अवसरहरु विद्यमान नरहेको, वास्तविक ब्याजदर न्यून रहेको र बैंक तथा वित्तीय संस्थाहरुको मुनाफाको स्थितिमा सुधार आएकोले नेप्से सूचकाङ्कको वृद्धिदर उच्च रहेको हो।

२०. वस्तु तथा सम्पत्तिको मूल्यस्थितिको विश्लेषण गर्दा यो वर्ष उपभोग्य वस्तुहरुको, शेयरको, सुन तथा चाँदीको र ठूला शहरी बस्तीमा घर-जग्गा (समयबद्ध तथ्याङ्क उपलब्ध नभए पनि) मूल्य वृद्धि भएको छ। पूँजी निर्माणको स्रोतको रुपमा रहेको बैंकहरुसँगको निक्षेप तथा उनीहरुले प्रदान गर्ने कर्जाको प्रचलित ब्याजदर भने केहीले समायोजन गरे पनि लगभग स्थिर रहेको छ। नेपाली रुपैयाँको अमेरिकी डलरसँगको प्रचलित विनिमयदर गत वर्षकै हाराहारीमा रहेको छ भने युरो, पाउण्ड स्टर्लिङ्ग र जापानीज येनसँग भने अधिमूल्यन भएको छ। आपूर्तिजन्य कारणहरुले गर्दा वस्तुहरुको मूल्य बढेको छ भने शिथिल समष्टिगत मागका कारण ब्याजदरमा चाप परेको छैन। वस्तु तथा सेवाको ऋणात्मक खुद बाह्य माग (net export) र निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहको समिश्रणका कारण नेपाली रुपैयाँको अमेरिकी डलरसँगको प्रचलित विनिमयदर लगभग स्थिर प्रायः रहेको छ।

**तालिका ४ : सम्पत्ति मूल्य**

| | २०६० पौष | २०६१ पौष | २०६२ पौष |
|---|---|---|---|
| नेप्से सूचकाङ्क | २०१.९५ | २३९.६१ | ३०५.५ |
| ब्याजदर (प्रतिशतमा) | | | |
| एक वर्षे निक्षेपदर | ३.०-७.० | २.२५-५.० | २.२५-५.२५ |
| बचत ब्याजदर | २.५-५.५ | १.७५-४.५ | २.०-५.० |
| वाणिज्य कर्जादर | ७.५-१६.० | ८.२५-१४.५ | ८.०.१४.० |
| विनिमयदर* | | | |
| नेपाली रुपैयाँ/अमेरिकी डलर | ७३.७४ | ७०.९१ | ७१.०० |
| नेपाली रुपैयाँ/युरो | ९३.९६ | ९२.८४ | ८६.२४ |
| नेपाली रुपैयाँ/पाउण्ड स्टर्लिङ्ग | १३५.९५ | १३२.६९ | १२५.४६ |
| नेपाली रुपैयाँ/जापानीज येन | ०.६९८ | ०.६८६ | ०.६२३ |
| सुन तथा चाँदीको मूल्य (नेपाली रुपैयाँ) | | | |
| सुन (प्रति १० ग्राम) | ९९४५ | ९९९० | १२५८० |
| चाँदी (प्रति १० ग्राम) | १५९.५ | १६७.० | २१८.० |

* खरिद दर।

**बाह्य क्षेत्रको स्थिति**

२१. उपलब्ध तथ्याङ्कअनुसार बाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा मिश्रित सङ्केतहरू देखापरेका छन्। निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहको कारण समग्र शोधनान्तर स्थिति सन्तुलित रही विदेशी विनिमय सञ्चिति पर्याप्त मात्रामा रहेको छ। आयात वृद्धिका कारण व्यापार घाटामा चापको स्थिति देखिएको छ। व्यापार घाटा बढे

तापनि निजी क्षेत्रको विप्रेषण आप्रवाहका कारण विदेशी विनिमय सञ्चिति पर्याप्त मात्रामा रहेकोले नेपाली रुपैयाँको विनिमयदरमा चाप परेको छैन । मुलुकलाई आवश्यक पर्ने वस्तु तथा सेवाको आयात र विदेशी ऋण दायित्व भुक्तानीका लागि विदेशी विनिमय सञ्चिति पर्याप्त मात्रामा रहेबाट समग्र बाह्य क्षेत्रको स्थायित्व सुदृढ रहेको छ ।

२२. मौद्रिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०६२।६३ को प्रथम ५ महिनामा शोधनान्तर बचत रु ५ अर्ब ३३ करोड रहेको छ । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा शोधनान्तर बचत रु १ अर्ब ८० करोड रहेको थियो । बजेट घाटा तथा कुल बैंक कर्जा नियन्त्रित अवस्थामा रहेको र निजी क्षेत्रको विप्रेषण आप्रवाह बढ्दो क्रममा रहेकोले समग्र शोधनान्तर बचत अघिल्लो वर्षको भन्दा निकै उच्च रहेको हो ।

२३. आर्थिक वर्ष २०६२।६३ को उपलब्ध प्रथम ६ महिनाको तथ्याङ्कअनुसार व्यापार घाटा तीव्र रुप (२४.१ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा व्यापार घाटा १०.० प्रतिशतले बढेको थियो । कुल व्यापार घाटामध्ये भारतसँगको घाटा २५.४ प्रतिशत र तेस्रो मुलुकसँगको घाटा २२.४ प्रतिशतले बढेको छ ।

२४. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनासम्ममा समग्र निर्यात (१०.५ प्रतिशत) भन्दा समग्र आयात उच्च दर (१८.६ प्रतिशत) ले बढकोले यस अवधिमा व्यापार घाटा बढेको हो ।

२५. कुल निर्यातमध्ये भारततर्फको निर्यात गत वर्षको सोही अवधिमा २४.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १९.४ प्रतिशतले बढेको छ भने तेस्रो मुलुकतर्फको निर्यात अघिल्लो वर्ष १४.० प्रतिशतले ह्रास भएकोमा यस वर्ष थप ५.३ प्रतिशतले पुनः घटेको छ । तैयारी पोशाकको निर्यातमा ह्रास आएकोले तेस्रो मुलुकतर्फको निर्यात निरन्तर रुपले घट्ने प्रवृत्ति देखिएको हो ।

२६. आर्थिक वर्ष २०६१।६२ को प्रथम ६ महिनाको अवधिमा कुल आयात ८.८ प्रतिशतले बढेको तुलनामा आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा भारतबाट भएको आयात २२.८ प्रतिशत र तेस्रो मुलुकबाट भएको आयात १२.४ प्रतिशतले बढेबाट कुल आयात १८.६ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्ष कच्चा पदार्थको आयात न्यून रही स्टक (inventories) मा चापको स्थिति देखिएकोमा यस अवधिमा कच्चा पदार्थ तथा अन्तरवर्त्ती (intermediate) वस्तुहरु र इन्धनको आयात बढेकोले समग्र आयातको वृद्धिदर उच्च रहेको हो ।

२७. आर्थिक वर्ष २०६२।६३ को प्रथम चार महिनाको शोधनान्तर तथ्याङ्कअनुसार निजी क्षेत्रको विप्रेषण आप्रवाह ३०.३ प्रतिशतले वृद्धि भई २०६२ कार्तिक मसान्तसम्ममा रु २७ अर्ब पुगेको छ । आर्थिक वर्ष २०६१।६२ को यसै अवधिमा निजी क्षेत्रको विप्रेषण आप्रवाह ७.४ प्रतिशतले घटेको थियो । मुलुकबाहिर कामको खोजीमा जाने नेपालीहरुको संख्यामा वृद्धि भएकोले निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धि उच्च रहेको हो । केही वर्षयता निजी क्षेत्रको विप्रेषण आप्रवाह मुलुकको विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतको रुपमा रहँदै आएको छ । आर्थिक वर्ष २०६१।६२ मा निजी क्षेत्रको विप्रेषण आप्रवाह कुल गार्हस्थ्य उत्पादनको १२.३ प्रतिशत रहेको थियो । विद्यमान द्वन्द्वको स्थितिमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्न निजी क्षेत्रको विप्रेषण आप्रवाहले प्रमुख भूमिका निर्वाह गर्दै आएको छ । उदाहरणको लागि निजी क्षेत्रको विप्रेषण आप्रवाहले समग्र शोधनान्तरमा बचत कायम गरी विदेशी विनिमयदरमा स्थिरता कायम गरेर र समष्टिगत आन्तरिक माग वृद्धि गराई आर्थिक क्रियाकलापलाई टेवा पुऱ्याएको छ । त्यस्तैगरी, सूक्ष्म अर्थतन्त्र खासगरी गरिबी न्यूनीकरण गर्नमा पनि निजी क्षेत्रको विप्रेषण

आप्रवाहको सकारात्मक प्रभाव रहेको छ। यसै तथ्यलाई दृष्टिगत गरी यस बैंकले निजी क्षेत्रको विप्रेषण आप्रवाह औपचारिक माध्यमबाट मुलुकमा भित्र्याउन नीतिगत तथा संस्थागत प्रयास[४] गर्दै आएको छ। फलस्वरुप, आर्थिक वर्ष २०६२।६३ को प्रथम चार महिनाको अवधिमा निजी क्षेत्रको कुल विप्रेषण आप्रवाहमध्ये संस्थागत आप्रवाहको अनुपात ८७.६ प्रतिशत रह्यो।

२८. समीक्षा अवधिमा शोधनान्तर बचत कायम रहेकाले कुल विदेशी विनिमय सञ्चितिमा बढोत्तरी हुने क्रम यथावत रहेको छ। उदाहरणको लागि आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनासम्ममा कुल विदेशी विनिमय सञ्चिति रु १४० अर्ब रहेको छ। यो सञ्चिति १०.४ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। कुल विदेशी विनिमय सञ्चितिको यो स्तर २०६२ आषाढसम्मको श्री ५ को सरकारको रु. २२०.७ अर्ब बराबरको कुल वैदेशिक ऋण दायित्वको ६३.० प्रतिशत हुन आउँछ।

**सरकारी वित्त स्थिति**

२९. समष्टिगत माग (aggregate demand), समष्टिगत आपूर्ति (aggregate supply) र आन्तरिक तथा बाह्य सन्तुलनमा सरकारी वित्त नीतिले पारेको प्रभावको विश्लेषण गर्दा समष्टिगत माग बढाउन र समष्टिगत आपूर्ति तथा उत्पादन क्षमता बढाउने कार्यमा सरकारी वित्त नीतिको न्यून भूमिका रहेको देखिन्छ। तथापि, द्वन्द्वको स्थितिमा पनि आन्तरिक तथा बाह्य सन्तुलन कायम गर्ने सम्बन्धमा भने सरकारी वित्त कारोबारको सकारात्मक भूमिका रहेको देखिन्छ।

३०. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा सरकारी राजश्व परिचालन वृद्धिदर न्यून रहेको छ भने कुल सरकारी खर्च वृद्धि उच्च रहेको छ। फलस्वरुप प्रयोग गर्न सकिने साधनको[५] आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा सरकारी वित्त नीति विस्तारकारी रहेको छ।

३१. स्थानीय निकायहरुको बैंकहरुसँग रहेको मौज्दातलाई हटाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा नगद प्रवाहमा आधारित श्री ५ को सरकारको बजेट घाटा रु २ अर्ब ५० करोड रहेको छ। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा श्री ५ को सरकारको खातामा रु ५५ करोड ५१ लाखको बचत रहेको थियो। कुल खर्चको तुलनामा प्रयोगयोग्य साधन परिचालन वृद्धि न्यून रहेकोले यस अवधिमा उक्त बजेट घाटाको स्थिति आएको हो। बजेट घाटा पूर्तिका स्रोतहरुमध्ये यस अवधिमा नगदमा प्राप्त बाह्य ऋण रु २ अर्ब ११ करोड परिचालन भएकोले कुल आन्तरिक ऋण रु ३८ करोड ६१ लाखमा सीमित रहेको छ। यस अवधिमा रु ३ अर्ब १४ करोडको थप ट्रेजरी बिल्स निष्काशन भए पनि श्री ५ को सरकारको यस बैंकसँग नगद मौज्दात रहेबाट कुल आन्तरिक ऋणको परिमाण न्यून रहेको हो।

---

[४] मनी ट्रान्सफर एजेन्सीहरुले बैंकहरुमा विप्रेषण बापतको विदेशी मुद्रा साट्न ल्याउँदा प्रति अमेरिकी डलर पन्ध्र पैसा इ.प्रा. कमिशन दिने व्यवस्था सुरु गरेको। साथै, विदेशी कम्पनीहरुसँग वा आफै मनी ट्रान्सफर कार्यमा संलग्न हुन चाहने कम्पनीहरुको लागि इजाजत सरलीकृत गरिएको।

[५] स्थानीय निकायहरुको वाणिज्य बैंकसँग रहेको मौज्दात हटाउँदा।

३२. मुलुकमा द्वन्द्वको स्थिति रहँदा रहँदै पनि श्री ५ को सरकारको बजेट घाटा नियन्त्रित अवस्थामा छ। मुलुकमा विद्यमान असहज परिस्थितिको बाबजुद अन्य दक्षिण एसियाली मुलुकहरुको तुलनामा सरकारको बजेट घाटा न्यून रहेकाले यसले समग्र आर्थिक स्थायित्व कायम राख्न मद्दत पुगेको छ।

३३. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा श्री ५ को सरकारको कुल खर्च १७.७ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा श्री ५ को सरकारको कुल खर्च ६.३ प्रतिशतले वृद्धि भएको थियो। द्वन्द्वको कारण चालू खर्चमा चाप परेको र नेपाल आयल निगमलाई श्री ५ को सरकारले रु १ अर्ब ऋण सहयोग पुऱ्याउनु परेकोले समेत यस अवधिमा श्री ५ को सरकारको कुल खर्च वृद्धि उच्च रहेको हो।

३४. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा श्री ५ को सरकारको राजश्व ५.९ प्रतिशतको न्यून दरले वृद्धि भई २०६२ पौष मसान्तसम्म रु ३१ अर्ब ५८ करोड पुगेको छ। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा श्री ५ को सरकारको राजश्व १२.२ प्रतिशतले वृद्धि भएको थियो। आयात वृद्धिदर उच्च रहँदा रहँदै पनि राजश्व वृद्धिदर न्यून रहनुमा यस वर्ष कम भन्सार दर लाग्ने औद्योगिक कच्चा पदार्थ तथा अन्तरवर्त्ती (intermediate) वस्तुहरुको आयात बढ्नु र भारतीय अन्तःशुल्क फिर्ता रकम यस अवधिमा बक्यौता रहनु प्रमुख कारणस्वरुप रहेका छन्। श्री ५ को सरकारको साधनका अन्य स्रोतहरुमध्ये नगद विदेशी अनुदान बापत आर्थिक वर्ष २०६१।६२ को प्रथम ६ महिनासम्मको रु ३ अर्ब ६६ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा रु ५ अर्ब ६ करोड प्राप्त भइसकेको छ।

३५. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सरकारी वित्त व्यवस्थापन सामु निम्न चुनौतीहरु रहेका छन्। पहिलो चुनौती, राजश्व परिचालन वृद्धिदर उच्च पार्नु रहेको छ। श्री ५ को सरकारले २०६२ माघ १ मा जारी गरेको अध्यादेश बजेटमा भन्सार दरहरुमा गरिएको कटौतीका सन्दर्भमा पनि अध्यादेशको मूल भावना (spirit) अनुरुप विद्यमान प्रत्यक्ष तथा अप्रत्यक्ष करहरुको प्रावधानअनुसार राजश्व परिचालन तीव्र पार्न आवश्यक देखिएको छ। दोस्रो, विगत एक दशकयता विद्यमान द्वन्द्वको स्थितिका कारण आवश्यक मात्रामा पूँजीगत खर्च हुनसकेको छैन। अन्तर्राष्ट्रिय स्तरमा तेलको मूल्य वृद्धि भएका कारण नेपाल आयल निगमले भोग्नु परेको वित्तीय सङ्कटका कारण सो निगमलाई रु १ अर्ब ऋण प्रवाह गर्नु परेको कारण समेत श्री ५ को सरकारको खर्चको गुणस्तर तथा प्राथमिकीकरणमा सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। तेस्रो, अर्थतन्त्रको बाह्य तथा आन्तरिक सन्तुलनको लागि श्री ५ को सरकारको आन्तरिक ऋणको ठूलो भूमिका रहने सन्दर्भमा हाल नियन्त्रणमा रहेको सो ऋणलाई राजश्व परिचालन वृद्धि न्यून रहेको परिप्रेक्ष्यमा नियन्त्रणमा राखिराख्न चुनौतीपूर्ण देखिएको छ।

## मौद्रिक विश्लेषण तथा मौद्रिक व्यवस्थापन

### मौद्रिक तथा कर्जा योगाङ्क, सञ्चित मुद्रा, तरलता र आवधिक निक्षेप स्थिति

३६. आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा मौद्रिक योगाङ्कहरुमा विस्तार आएको छ भने कर्जा योगाङ्कहरुको वृद्धिदर गत वर्षकै हाराहारीमा रहेको छ। सञ्चित मुद्रा वृद्धिदर ऋणात्मक रहेको छ। वाणिज्य बैंकहरुसँगको अधिक तरलताको स्थिति हालसम्म नियन्त्रित अवस्थामा रहेको छ। मौद्रिक स्थितिलाई प्रतिबिम्बित गर्ने प्रचलित ब्याजदर र नेपाली रुपैयाँको अमेरिकी डलरसँगको प्रचलित विनिमयदर पनि स्थिर प्रायः रहेका छन्।

निजी क्षेत्रको विप्रेषण आप्रवाह बढेकोले बैंकहरुसँगको खुद वैदेशिक सम्पत्तिमा वृद्धि भएको हुनाले मौद्रिक योगाङ्कहरुमा विस्तार आउनुको साथै आवधिक निक्षेपको वृद्धिदर समेत उच्च रहेको छ ।

३७. आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा विस्तृत मुद्राप्रदाय ४.८ प्रतिशतले विस्तार भएको छ । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा विस्तृत मुद्राप्रदाय २.५ प्रतिशतले वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहबाट सिर्जित खुद वैदेशिक सम्पत्ति वृद्धिका कारण विस्तृत मुद्राप्रदायमा विस्तार भएको हो ।

३८. आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा कर्जा योगाङ्कतर्फ कुल आन्तरिक कर्जा करिब ४.० प्रतिशतले वृद्धि भएको छ । २०६१।६२ को सोही अवधिमा पनि कुल आन्तरिक कर्जाको वृद्धिदर करिब ४.० प्रतिशतकै हाराहारीमा रहेको थियो । श्री ५ को सरकारको साधनबाट बैंकहरुसँग रहेको स्थानीय निकायहरुको मौज्दात हटाउँदा आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा श्री ५ को सरकारमा गएको बैंक कर्जा आर्थिक वर्ष २०६१।६२ को ऋणात्मक वृद्धिको तुलनामा केही बढेको छ ।

३९. कुल आन्तरिक कर्जामध्ये निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा आर्थिक वर्ष २०६१।६२ को प्रथम पाँच महिनामा ६.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा ६.१ प्रतिशतले बढेको छ । समग्रमा भन्नु पर्दा आर्थिक गतिविधिहरुमा शिथिलता विद्यमान रहेकाले निजी क्षेत्रमा प्रवाहित बैंक कर्जाको वृद्धिदर उकासिन नसकेको हो । तेस्रो मुलुकतर्फ निकासी हुने तैयारी पोशाकको निर्यात घट्ने क्रम यथावत रहेको, ऊनी गलैंचाको निर्यात पनि सुधन नसकेको र विगत ६ महिनामा पर्यटन आगमन बढे तापनि पर्यटन व्यवसायीसित सम्बन्ध समग्र उद्योग व्यवसायहरुको विद्यमान शिथिलता हट्न नसकेकोले पनि निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा अपेक्षाकृत बढ्न नसकेको हो । बैंकिङ्ग कारोबारमा ठूलो हिस्सा ओगटेको नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा संरचनागत सुधार भइरहेको र यी दुई बैंकहरुले कर्जा असूलीमा जोड दिइरहेका हुनाले पनि थप बैंक कर्जा विस्तारमा शिथिलता आएको हो । आन्तरिक द्वन्द्व तथा शिथिल समष्टिगत मागका कारण उद्योग व्यवसायहरुको स्थिति सन्तोषजनक रहन नसकेकोले बैंकहरुले त्यस क्षेत्रमा कर्जा प्रवाह गर्न सतर्कता अपनाइरहेकाले पनि बैंक कर्जा विस्तार न्यून रहेको हो ।

४०. यस अवधिमा भएको बैंक कर्जा विस्तारमा सिमेन्ट उत्पादन, फलाम तथा स्टील उद्योग, आवासीय तथा गैरआवासीय भवन निर्माण, सञ्चार उपकरण र सुन-चाँदी कर्जा प्रमुख रहेका छन् । घर जग्गा तथा सुनको उच्च मूल्य वृद्धि भइरहेको वर्तमान अवस्थामा त्यसतर्फ प्रवाहित बैंक कर्जाको गुणस्तरका सम्बन्धमा बैंकहरु चनाखो हुनुपर्ने देखिन्छ ।

४१. आर्थिक वर्ष २०६२।६३ को प्रथम छ महिनाको अवधिमा सञ्चित मुद्राको परिमाण ०.५ प्रतिशतले ऋणात्मक रह्यो । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा सञ्चित मुद्राको वृद्धिदर ८.८ प्रतिशतले ऋणात्मक थियो । एकातर्फ, मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा वृद्धिभएको हुनाले ऋणात्मक वृद्धिदरमा कमी आएको, अर्कोतर्फ खुद आन्तरिक सम्पत्तिको वृद्धिदर पनि ऋणात्मक रहन गएबाट सञ्चित मुद्राको वृद्धिदर ऋणात्मक रहेको हो ।

४२. आर्थिक वर्ष २०६१।६२ को वार्षिक मौद्रिक नीतिदेखि वाणिज्य बैंकहरुले अनिवार्य नगद अनुपातको लागि राख्नुपर्ने मौज्दात बाहेकको अधिक मौज्दातलाई अधिक तरलताको

मानकको रुपमा लिने गरिएको छ। वाणिज्य बैंकहरुले यस बैंकमा राख्ने मौज्दातको आधारमा विश्लेषण गर्दा अधिक तरलताको स्थिति नियन्त्रित अवस्थामा रहेको छ। उदाहरणको लागि २०६२ आषाढ मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस बैंकमा रहेको मौज्दात रु २० अर्ब रहेकोमा २०६२ पौष मसान्तसम्ममा सो मौज्दात रु. १५ अर्ब ४ करोडमा झरेको छ। वाणिज्य बैंकहरुको बाह्य बैंक मौज्दात बढेको र मौद्रिक उपायको रुपमा खुला बजार कारोबारका बिक्री बोलकबोल र रिभर्स बोलकबोल जस्ता उपकरणहरुमार्फत् तरलता प्रशोचन गरिएको हुनाले अधिक तरलता न्यूनतम स्तरमा झरेको हो।

४३. आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा वाणिज्य बैंकहरुसँगको आवधिक निक्षेप ५.८ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा आवधिक निक्षेप ४.२ प्रतिशतले वृद्धि भएको थियो। निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि र केही वाणिज्य बैंकहरुले निक्षेपदर तथा विविध बचत योजनाहरु सञ्चालन गरेकाले यस वर्ष आवधिक निक्षेपमा बढी दरले विस्तार भएको हो।

**ब्याजदर स्थिति**

४४. केही वर्षयता प्रचलित ब्याजदर संरचनामा घट्दो प्रवृत्ति देखा परिरहेको छ। ब्याजदरको स्तरले मौद्रिक स्थितिको सङ्केत गर्ने र विगतमा खुकुलो मौदिक नीति अख्तियार गरिएकोले समेत ब्याजदर संरचनामा घट्ने प्रवृत्ति देखापरेको हो। मुद्रास्फीतिमा पर्न सक्ने सम्भावित चापलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा विगतको खुकुलो मौद्रिक नीतिको रुझानलाई उल्ट्याई सजग मौद्रिक नीतिको रुझान कायम गरिएको छ। यसै सन्दर्भमा आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा बैंकदरलाई ५.५ प्रतिशतबाट ६.० प्रतिशत पुऱ्याइएको हो। मुद्रास्फीतिकारी अपेक्षा (inflationary expectation) मा अंकुश लगाउने उपायको रुपमा बैंकदरमा बढोत्तरी गरिएको थियो।

४५. अधिक मौद्रिक विस्तारको स्थिति रहँदा रहँदै पनि खुला बजार कारोबारको प्रभावकारी कार्यान्वयन र बैंकदरमा गरिएको बढोत्तरीका कारण आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा अल्पकालीन ब्याजदर स्थिरीकरण (Stabilized) अवस्थामा रहेको छ। उदाहरणको लागि २०६१ श्रावण तथा भाद्रमा भारित औसत ९१ दिने ट्रेजरी बिल्सदर १.० प्रतिशतभन्दा मुनी रही २०६१ मंसिर तथा पौषमा मात्र करिब २.० प्रतिशतमा उक्लेकोमा २०६२ श्रावणदेखि पौषसम्म सो दर २.० प्रतिशतभन्दा माथि नै रहेको छ (तालिका ५)। २०६१ श्रावण, भाद्र तथा असोजमा १.० प्रतिशत वा मुनी रहेको अन्तरबैंक कारोबार दर २०६२ श्रावण, भाद्र, असोज र कार्तिकमा २.० प्रतिशत माथि नै रहेकोमा २०६२ मंसिर र पौषमा करिब १.० प्रतिशतको हाराहारीमा झरेको छ। यसले आर्थिक गतिविधि शिथिल प्राय: रहेको वर्तमान अवस्थामा निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहका कारण मुद्रा बजारमा तरलता विस्तारको स्थिति रहेको देखाउँछ। मुद्रास्फीतिको चापमा केही कमी आउने क्रम देखिए तापनि अघिल्लो वर्षको तुलनामा यसवर्ष मुद्रास्फीति उच्च रहेकोले तरलतालाई प्रभावकारी रुपमा व्यवस्थापन गरी अल्पकालीन ब्याजदर स्थीरिकरण गर्नु मौद्रिक व्यवस्थापन सामु चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ।

**तालिका ५ : अल्पकालीन ब्याजदर**

(प्रतिशतमा)

| | ट्रेजरी बिल्स | | अन्तरबैंक कारोबार दर | |
|---|---|---|---|---|
| | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| श्रावण | ०.६१७७ | २.२५९० | १.०१६ | २.४६८ |
| भाद्र | ०.६२९९ | ३.३८४५ | ०.३८७ | ३.८६८ |
| असोज | १.३४०० | ३.१०२० | ०.८२६ | ३.१७७ |
| कार्तिक | १.९७२२ | २.६८६० | २.२४१ | २.३५९ |
| मंसिर | २.४०१३ | २.१९९८ | ३.५४५ | ०.९६१ |
| पौष | २.०८०४ | २.४६४८ | ३.४९३ | १.२२० |

४६. मुद्रास्फीतिदर अघिल्लो वर्षहरुको तुलनामा केही उच्च रहेको तर प्रचलित ब्याजदर त्यही अनुपातमा नबढेको स्थितिमा खासगरी अल्पकालीन वास्तविक ब्याजदर ऋणात्मक रहेको देखिन्छ। बचत परिचालन र साधनको उचित प्रयोगको सन्दर्भमा ऋणात्मक वास्तविक ब्याजदरलाई राम्रो मानिंदैन। वास्तविक ब्याजदर ऋणात्मक हुनाका कारणहरुबारे मन्थन गर्दा यसको गणना विधिको बारे पनि विश्लेषण गर्नुपर्ने हुन्छ। वास्तवमा वास्तविक ब्याजदर गणना गर्ने दुई विधिहरू रहेका छन्– (क) बितिसकेको (ex-post) र (ख) अपेक्षित (ex-ante)। बितिसकेको अवधिको वास्तविक ब्याजदर प्रचलित ब्याजदर (nominal interest rate) बाट चलेको (actual) मुद्रास्फीतिदरलाई घटाएर निकालिन्छ।[६] अपेक्षित वास्तविक ब्याजदर प्रचलित ब्याजदरबाट अपेक्षित मुद्रास्फीति (expected inflation) घटाएर निकालिन्छ।[७] सामान्य छलफलमा यथार्थ ब्याजदर भन्नाले बितिसकेको अवधिको वास्तविक ब्याजदर भन्ने बुझिन्छ भने बजारमा प्रचलित ब्याजदर निर्धारण अपेक्षित विश्लेषणको आधारमा गर्ने गरिन्छ। अपेक्षित प्रचलित ब्याजदरको गणना वास्तविक ब्याजदरमा अपेक्षित मुद्रास्फीतिदर थपेर निर्धारण हुने गर्दछ।[८] अपेक्षित मुद्रास्फीति तथा प्रचलित ब्याजदर आर्थिक गतिविधि तथा सम्भावित राष्ट्रिय आय (आर्थिक वृद्धिदर) मा निर्भर रहने गर्दछ। राष्ट्रिय आयले मुद्राको माग बढाउँछ र मुद्राको माग बढ्दा अन्य कारक तत्व यथावत रहे प्रचलित ब्याजदर बढ्ने हुन्छ। हाल नेपालमा राष्ट्रिय आय वृद्धिदर न्यून रहेको र आर्थिक गतिविधि पनि शिथिल प्रायः रहेकोले अपेक्षित मुद्रास्फीति न्यून नै हुनुपर्छ। यस्तो अवस्थामा खासगरी अल्पकालमा अल्पकालीन ब्याजदर निर्धारणमा तरलताको बढी प्रभाव रहने भएकाले अल्पकालीन प्रचलित ब्याजदर अपेक्षाकृत न्यून रहेको हो।

---

[६] Expost वास्तविक ब्याजदर निकाल्ने विधिः $r = i - \pi$, जहाँ $r$ = वास्तविक (real) ब्याजदर, $i$ = प्रचलित (nominal) ब्याजदर र $\pi$ = चलेको (actual) मुद्रास्फीति।

[७] Ex-ante वास्तविक ब्याजदर निकाल्ने विधि : $r = i - \pi^e$ जहाँ $\pi^e$ = अपेक्षित (expected) मुद्रास्फीति।

[८] बजार प्रचलित ब्याजदर निर्धारण : $i = r + \pi^e$। यस समीकरणलाई अर्थशास्त्रीय भाषामा The Fisher Equation पनि भन्ने गरिन्छ।

**मौद्रिक व्यवस्थापन**

४७. आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिको प्रमुख उद्देश्य अर्थतन्त्रमा सम्भावित आर्थिक प्रस्फुटनलाई सहज तुल्याउन आवश्यक तरलताको व्यवस्था गरी मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्ने रहेको छ। अन्तर्राष्ट्रिय स्तरमा इन्धन मूल्यमा वृद्धि र गत वर्ष अप्रत्यक्ष करको दरमा गरिएको परिवर्तनका कारण आर्थिक वर्ष २०६२।६३ मा मूल्यस्थितिमा केही चाप पर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी यो वर्षको वार्षिक मौद्रिक नीतिमा बैंकदरलाई वृद्धि गरिएको हो। वित्तीय दमन (financial repression) लाई हटाउँदै लगी वित्तीय क्षेत्र सुधारलाई तिव्र पारी वित्तीय मध्यस्थता विस्तार गर्ने उद्देश्यको सन्दर्भमा अनिवार्य नगद अनुपातलाई साविककै ५.० प्रतिशतमा यथावत कायम राखिएको हो।

४८. मौद्रिक व्यवस्थापनका सन्दर्भमा मौद्रिक उद्देश्य प्राप्तीका लागि मौद्रिक रणनीतिस्वरुप स्थीर विनिमयदरलाई मौद्रिक अंकुशको रुपमा लिइएको छ। स्थीर विनिमयदर प्रति प्रतिवद्ध मौद्रिक व्यवस्थापनमा यथार्थ र यथार्थ प्रभावी विनिमयदरको प्रवृत्ति मूल्याङ्कन महत्वपूर्ण हुन्छ। आर्थिक वर्ष २०६२।६३ मा मूल्यस्थितिमा केही चाप परेको हुनाले यथार्थ र यथार्थ प्रभावी विनिमयदर केही महिनायता सीमान्त अधिमूल्यित देखिए तापनि नेपालको मूल्यमा सुधार आउने क्रम सुरु भएको र व्यापार साझेदार मुलुकहरुमा पनि तुलनात्मक रुपले मूल्य उच्च नै रहेकोले नेपाली रुपैयाँको यथार्थ र यथार्थ प्रभावी विनिमयदरमा क्रमशः सुधार आई तटस्थ स्थितिमा फर्कने देखिन्छ।

४९. मौद्रिक नीतिको सञ्चालन लक्ष्यस्वरुप वाणिज्य बैंकहरुको अधिक तरलतालाई व्यवस्थापन गर्ने मौद्रिक उपायको रुपमा खुला बजार कारोबार सञ्चालन हुँदै आएको छ। खुला बजार कारोबारका दुई पक्ष रहेका छन् : (क) विदेशी मुद्रा बजारमा हस्तक्षेप र (ख) श्री ५ को सरकारको ट्रेजरी बिलको खरिद तथा बिक्री। यो वर्ष निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि भई नेपाली मुद्राको बढ्दो मागलाई दृष्टिगत गरी विदेशी मुद्रा बजारमा हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरुलाई आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा रु २२ अर्ब ५० करोड खुद तरलता प्रदान गरिएको छ (तालिका ६)। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा यस बैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी वाणिज्य बैंकहरुलाई रु १६ अर्ब ४१ करोड खुद तरलता प्रदान गरेको थियो। निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहका कारण नेपाली मुद्राको हुनसक्ने प्रचलित अधिमूल्यन (nominal appreciation) रोक्न र नेपाली वस्तु तथा सेवा निर्यातको प्रतिस्पर्धात्मक क्षमता घट्न नदिन यस बैंकले यस अवधिमा उक्त परिमाणको हस्तक्षेप गरेको हो। निजी क्षेत्रको बढ्दो विप्रेषण आप्रवाहका कारण नेपाली मुद्राउपर पर्नसक्ने सम्भाव्य अधिमूल्यनको चापमार्फत् आर्थिक वृद्धिदरमा पर्नसक्ने प्रतिकूल प्रभावलाई यस हस्तक्षेपले रोकेको छ।

**तालिका ६ : विदेशी मुद्रा बजारमा हस्तक्षेप**

रु. करोडमा

| | २०६१।६२ | २०६२।६३ |
|---|---|---|
| श्रावण | १३५.७५ | ११७.७१ |
| भाद्र | २०६.७५ | २१६.०८ |
| असोज | ३६८.७८ | ३७८.३९ |
| कार्तिक | १३४.६७ | ६१९.५५ |
| मंसिर | ३२३.३३ | ४८२.६३ |
| पौष | ४७१.८१ | ३७७.३६ |
| **कुल** | **१,६४१.०९** | **२,२४९.९** |

५०. विदेशी मुद्रा बजार हस्तक्षेपमार्फत् प्रवाह गरिएको वाणिज्य बैंकहरुसँगको तरलता प्रशोचन गर्न यस बैंकले ट्रेजरी बिल्समा खुला बजार कारोबारको बिक्री बोलकबोल र रिभर्स बोलकबोल उपकरणहरुलाई सक्रिय सञ्चालनमा ल्यायो । यस क्रममा यस बैंकले आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा बिक्री बोलकबोलमार्फत् रु ४ अर्ब ७४ करोड र रिभर्स बोलकबोलमार्फत् रु ४ अर्ब गरी (turnover basis मा) जम्मा रु ८ अर्ब ७४ करोड तरलता प्रशोचन गर्‍यो । बजारमा तरतलाको आवश्यकता पूर्ति गर्न खरिद बोलकबोलमार्फत् रु ८३ करोड तरलता पनि प्रवाह गरिएकोले आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा खुद तरलता प्रशोचनको परिमाण रु ७ अर्ब ९१ करोड रह्यो । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा रु ११ अर्ब ८६ करोड तरलता प्रशोचन भएको थियो ।

**तालिका ७ : ट्रेजरी बिल्समा खुला बजार कारोबार मार्फत तरलता प्रवाह तथा प्रशोचन**

(रु. करोडमा)

| | आर्थिक वर्ष २०६१।६२ | | | आर्थिक वर्ष २०६२।६३ | | |
|---|---|---|---|---|---|---|
| | बिक्री बोलकबोल | रिभर्स बोलकबोल | कुल तरलता प्रशोचन | बिक्री बोलकबोल | रिभर्स बोलकबोल | कुल तरलता प्रशोचन |
| श्रावण | -- | -- | -- | १४४.० | -- | १४४.० |
| भाद्र | -- | -- | -- | १७.० | -- | १७.० |
| असोज | ९५५.० | १५०.० | ११०५.० | २००.० | -- | २००.० |
| कार्तिक | -- | -- | -- | ३०.० | ५०.० | ८०.० |
| मार्ग | -- | -- | -- | ८३.० | १५०.० | २३३.० |
| पौष | ९५.० | २५७.० | ३५२.० | -- | २००.० | २००.० |
| **कुल** | **१०५०.०** | **४०७.०** | **१४५७.०** | **४७४.०** | **४००.०** | **८७४.०** |

| | खरिद बोलकबोल | रिपो बोलकबोल | कुल तरलता प्रवाह | खरिद बोलकबोल | रिपो बोलकबोल | कुल तरलता प्रवाह |
|---|---|---|---|---|---|---|
| श्रावण | -- | -- | -- | -- | -- | -- |
| भाद्र | -- | -- | -- | -- | -- | -- |
| असोज | -- | -- | -- | -- | -- | -- |
| कार्तिक | -- | -- | -- | ५३.० | -- | ५३.० |
| मार्ग | ४.९६ | १०५.० | १०९.९६ | ३०.० | -- | ३०.० |
| पौष | -- | १६१.० | १६१.० | -- | -- | -- |
| **कुल** | **४.९६** | **२६६.०** | **२७०.९६** | **८३.०** | **--** | **८३.०** |
| *खुद तरलता प्रशोचन* | | | *११८६.०४* | | | *७९१.०* |

५१. आर्थिक वर्ष २०६१।६२ को प्रथम ६ महिनाको तुलनामा आर्थिक वर्ष २०६२।६३ को सोही अवधिमा विदेशी मुद्रा बजार हस्तक्षेपमार्फत् बढी तरलता प्रवाह भएको तर मौद्रिक उपकरणको रुपमा ट्रेजरी बिल्समा हुने खुला बजार कारोबारमार्फत् कम तरलता प्रशोचन हुनका विविध कारणहरु रहेका छन् । प्रथमतः आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा आर्थिक वर्ष २०६१।६२ को सोही अवधिको रु २ अर्ब २० करोड थप (fresh) ट्रेजरी बिल्स निष्काशनको तुलनामा रु ३ अर्ब १४ करोड थप ट्रेजरी बिल्समार्फत् वाणिज्य बैंकहरुबाट तरलता प्रशोचन भयो । दोस्रो, अन्तर्राष्ट्रिय मुद्रा बजारमा अल्पकालीन ब्याजदर बढेका कारण वाणिज्य बैंकहरुले कायम गर्ने बाह्य मौज्दातमा उल्लेख वृद्धि भयो । उदाहरणको लागि आर्थिक वर्ष २०६२।६३ को प्रथम पाँच महिनाको अवधिमा वाणिज्य बैंकहरुको बाह्य मौज्दात (balance held abroad) रु ४ अर्ब २४ करोडले वृद्धि भयो । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा यस्तो मौज्दात रु १ अर्ब ५८ करोड मात्रले बढेको थियो ।

५२. यसको अतिरिक्त आन्तरिक भुक्तानी व्यवस्थामा कुनै अवरोध नआवस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६१।६२ को वार्षिक मौद्रिक नीतिबाट वाणिज्य बैंकहरुका लागि व्यवस्था गरिएको स्थायी तरलताको उपयोग आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा (कुल कारोबार) रु १ अर्ब ९२ करोड मात्र रह्यो (तालिका ८) । आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा वाणिज्य बैंकहरुले सो सुविधाको अत्यधिक उपयोग (रु २२ अर्ब ५४ करोड) गरेका थिए । यसले वित्तीय सघनता र अन्तरबैंक कारोबारमा प्रतिकूल असर पार्ने हुनाले वाणिज्य बैंकहरुबाट स्थायी तरलताको अत्यधिक उपयोगलाई कदापी राम्रो मान्न सकिन्न । वाणिज्य बैंकहरुलाई यो सुविधा उपयोग गर्नबाट हतोत्साहित गरी अन्तरबैंक मुद्रा बजारलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा स्थायी तरलता सुविधाको अधिकतम समयवाधि ५ दिनबाट ३ दिनमा झारियो । यसका साथै मौद्रिक व्यवस्थापन पारदर्शी ढङ्गले सञ्चालन गर्ने नीति अख्तियार गरिएकोले समेत अघिल्लो वर्षभन्दा यस वर्ष स्थायी तरलता सुविधाको उपयोग निकै कम भएको हो ।

**तालिका ८ : वाणिज्य बैंकहरुबाट स्थायी तरलता सुविधाको उपयोग**

(रु करोडमा)

| | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६१।६२ | २०६२।६३ |
| श्रावण | ५८.५० | ४०.० |
| भाद्र | १८.९० | ५५.० |
| असोज | ३३६.७३ | २२.० |
| कार्तिक | १५८३.६८ | -- |
| मार्ग | २३६.२५ | -- |
| पौष | २०.०० | ७५.३५ |
| **कुल** | **२२५४.०६** | **१९२.३५** |

५३. नेपाल राष्ट्र बैंकको साप्ताहिक वासलातको आधारमा गत वर्षदेखि सञ्चालनमा ल्याइएको तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई यस वर्ष अफ बढी परिष्कृत पारिएको छ। एकातर्फ rolling forecast गर्ने प्रयास थालिएको छ भने अर्कोतर्फ दैनिक रुपमा वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दातको आधारमा अधिक तरलताको स्थितिलाई प्रत्येक दिन अनुगमन गर्न थालिएको छ।

५४. आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा मौद्रिक व्यवस्थापनको महत्वपूर्ण सफलताको परिचयको रुपमा अन्तरबैंक मुद्रा बजारको बढ्दो सघनता देखिएको छ। उदाहरणको लागि आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा अन्तरबैंक मुद्रा बजार कुल कारोबार (turnover मा आधारित) रु ९४ अर्ब ४० करोड रह्यो (तालिका ९)। आर्थिक वर्ष २०६१।६२ को सोही अवधिमा अन्तरबैंक मुद्रा बजार कुल कारोबार रु ६० अर्ब ७० करोड रहेको थियो। स्थायी तरलता सुविधाको समयावधिमा परिवर्तन र मौद्रिक नीति पारदर्शी ढङ्गले कार्यान्वयन गरेकोले अन्तरबैंक मुद्रा कारोबारमा सघनता बढेको हो।

**तालिका ९ : अन्तर बैंक मुद्रा बजार कारोबार**

(रु करोडमा)

| | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६१।६२ | २०६२।६३ |
| श्रावण | ४३०.९० | २,०५५.४२ |
| भाद्र | १,३१६.५० | २,४६७.०५ |
| असोज | १,२१४.५० | १,२०२.१० |
| कार्तिक | ९०५.६० | १,०३६.९० |
| मार्ग | १,१०१.८० | १,५५३.३० |
| पौष | १,१०३.०० | १,१२५.५५ |
| **कुल** | **६,०७२.३०** | **९,४४०.३२** |

५५. मुलुकमा औद्योगिक तथा पर्यटन उद्योगसित सम्बन्धित व्यवसायहरुमा देखिएको सङ्कट कम गर्न सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०५८।५९ देखि यस बैंकले सहुलियतपूर्ण रुग्ण उद्योग पुनर्कर्जा सुविधा प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा रु २ अर्ब रुग्ण उद्योग पुनर्कर्जा सुविधाको निर्धारण गरिएको थियो। आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा १४ वटा होटलको लागि रु १७ करोड १९ लाख र २ वटा ठूला तथा मझौला उद्योगहरुको लागि रु ५ करोड १० लाख गरी जम्मा रु २२ करोड २९ लाख रुग्ण उद्योग पुनर्कर्जा सुविधा स्वीकृत भइसकेको छ। रुग्ण उद्योग पुनर्कर्जा सुविधा यस बैंकले सम्बन्धित वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई १.५ प्रतिशत ब्याजदरमा प्रदान गर्ने प्रावधान छ भने बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित होटल तथा उद्योग व्यवसायहरुलाई ४.५ प्रतिशत ब्याजदरमा कर्जा प्रदान गर्नुपर्ने व्यवस्था छ।

## वार्षिक मौद्रिक नीतिमा उल्लेख भएका वित्तीय तथा बाह्य क्षेत्रसम्बन्धी व्यवस्थाहरुको अर्धवार्षिक समीक्षा

### वित्तीय क्षेत्र

५६. नेपाल राष्ट्र बैंक, २०५८ मा उल्लिखित उद्देश्यहरु एवं बैंकले निर्धारण गरेको दूरदृष्टि तथा लक्ष्य हासिल गर्न सहयोगी हुने गरी बैंकको रणनीतिक योजना (२०६२।६३–२०६६।६७) को प्रारम्भिक मस्यौदा तयार भई अन्तिम रुप दिने प्रक्रियामा रहेको छ।

५७. वित्तीय क्षेत्र स्थायित्वको लागि नेपाल राष्ट्र बैंकको सूचना प्रविधिको विकास गर्ने कार्यका लागि IT Consultant कार्यरत रहेको स्थिति छ। निजको सिफारिशमा बैंकमा IT System को विकासका लागि IT Trainer नियुक्त गरी निजकै संलग्नतामा बैंकको विभिन्न विभागबाट करिब ३६ जना अधिकृतहरुलाई ३ महिने Computer तालिम प्रदान गरिएको छ। त्यस्तै, दुईजना Prototype Developer हरु नियुक्त गरी बैंकलाई सुहाउँदो Prototype[९] को निर्माण गर्ने कार्य भइसकेको छ। बैंकको सुपरिवेक्षकीय क्षमता विकासका लागि IOS Partners ले पेश गरेको सुझावहरू कार्यान्वयन गर्नको लागि सात जना International Consultant नियुक्ति गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

५८. बैंकका जनशक्ति व्यवस्थापनसम्बन्धी नीतिलाई थप परिमार्जनका साथ लागू गर्न जनशक्ति व्यवस्थापन विज्ञ, एकजना अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्त गरी निजद्वारा कार्य समेत सुरु गरी सकिएको छ। साथै, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रचलन तथा लेखा मापदण्डअनुरुप सुधार गर्न IOS Partner ले गरेको सिफारिसको आधारमा उपरोक्त कार्य गर्न Chartered Accountants को एउटा समूह (Team) खडा गरी सो टोलीले आफ्नो कार्य सुरु गरिसकेको छ।

५९. बैंक तथा वित्तीय संस्थाहरुको ऋण नतिर्नेहरु उपर कारबाही तथा वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा सिफारिश सहितको प्रतिवेदन पेश गर्न श्री ५ को सरकार (म.प.) बाट मिति २०६१।११।२६ मा निर्णय भएअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सो प्रतिवेदन पेश भएको छ। उक्त प्रतिवेदनमा ऋण नतिर्ने ऋणीहरुलाई नियतपूर्वक ऋण नतिर्ने र परिस्थितिवश ऋण नतिर्ने गरी मुख्यतया दुई वर्गमा वर्गीकरण गरी निजहरु उपर छुट्टाछुट्टै

---

[९] Nepal Integrated Financial and Management Information System (NIFMIS) को Prototype तयार भइसकेको छ।

किसिमले प्रचलित कानूनअनुसार कारबाही गर्ने प्रक्रियाहरु पहिचान गरिएको छ। उपरोक्त व्यवस्थाअनुसारका प्रक्रियाहरुलाई कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकले मिति २०६२।३।२९ को पत्रबाट जारी गरेको निर्देशनलाई कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशनमा ( इ.प्रा.निर्देशन नं. १२।६१।६२) समेत समावेश गरिएको छ। सम्बन्धित बैंकबाट नियतपूर्वक कर्जा नतिर्ने ऋणीहरुको राहदानी जफत गर्ने सम्बन्धमा प्राप्त अनुरोधलाई पहल गर्न सम्बन्धित निकायमा यस बैंकबाट पत्र पठाइँदै पनि आइएको छ। साथै, सोही कालोसूचीसम्बन्धी व्यवस्थामा बैंकहरुलाई कर्जा प्रदान गर्दा नै सावधान गराउन सकियोस् भन्ने उद्देश्यले धितो मूल्याङ्कनसम्बन्धी व्यवस्था, लेखापरीक्षकसम्बन्धी व्यवस्था, कालोसूचीमा समावेश नहुने अवस्थाहरु, कर्जा सूचना केन्द्रले निरीक्षण गर्न सक्ने व्यवस्था, कालोसूचीमा समावेश गर्नुपूर्व सूचना दिनुपर्ने व्यवस्था, भूलवस कालोसूचीमा समावेश भएकाहरुसम्बन्धी लगायतका व्यवस्थाहरु समावेश गरी कालोसूचीसम्बन्धी व्यवस्थालाई भरपर्दो तथा विश्वसनीय बनाउन प्रयास गरिएको छ। साथै, बैंक तथा वित्तीय संस्थाहरुसँग ऋण लिई नियतपूर्वक ऋण नतिर्ने ऋणीहरु उपर श्री ५ को सरकार, मन्त्रिपरिषद्ले मिति २०६२।२।४ मा गरेका निर्णयहरुलाई नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जानकारी गराइसकेको छ।

६०. बैंक तथा वित्तीय क्षेत्रको कारोबारलाई स्वस्थ्य, सुरक्षित, एवं प्रगाढ बनाउने हेतु बैंक तथा वित्तीय संस्थाहरुसम्बन्धी कानूनी संरचनालाई समयानुकूल एबं प्रभावकारी तुल्याउन सुरक्षित कारोबार अध्यादेश, धितोपत्र अध्यादेश, कम्पनी अध्यादेश एवं दामासाही अध्यादेश जारी भइसकेका छन् भने मुद्रा शुद्धीकरण नियन्त्रण ऐनको मस्यौदा श्री ५ को सरकारसमक्ष पेश भइसकेको छ। जालसाजी नियन्त्रण ऐन, विनिमय अधिकार पत्र ऐन तथा सम्पत्ति व्यवस्थापन निगम ऐनको मस्यौदा तर्जुमा गर्न डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालय र कानून मन्त्रालयको प्रतिनिधित्व समेत रहेको एक कानून मस्यौदा समिति गठन भई कार्य प्रारम्भ भएको छ।

६१. समग्र बैंकिङ्ग क्षेत्रको महत्वपूर्ण अंश ओगट्ने नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना गर्ने कार्यले ती बैंकहरूको आर्थिक अवस्था र कार्य सञ्चालन प्रक्रियामा सुधार हुँदै आएकोले यस कार्यलाई चालू वर्ष पनि निरन्तरता प्रदान गरिएको छ। उक्त बैंकहरुमा पुर्नसंरचना कार्य सुरु गरिएपछि मुख्यगरी बैंकहरुको मूनाफा स्थिति र पूँजीकोष स्थितिमा सुधार भएको छ भने निष्क्रिय कर्जाको मात्रा घट्दै गएको छ। साथै, लेखापरीक्षण कार्यमा, मानव संसाधनको परिचालनमा, र बैंकको सञ्चालन पद्धतिमा पनि सुधार हुँदै आएको छ। तसर्थ, दुवै बैंकको पुर्नसंरचना कार्यमा निरन्तरता दिनुपर्ने भएकोले पटक-पटक उक्त बैंकहरुका परामर्शदाताहरु (व्यवस्थापन समूह) को करार अवधि थप गरिएको छ। यसै सिलसिलामा नेपाल बैंक लि. को करार अवधि जुलाई २२, २००५ देखि लागू हुनेगरी दुई वर्षको लागि थप गरिएको छ भने राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहको करार अवधि जनवरी १५, २००६ देखि समाप्त भएको हुँदा जनवरी १६ देखि थप दुई वर्षका लागि करार अवधि थप गरिएको छ।

६२. बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश २०६१ जारी भइसकेको सन्दर्भमा विगतमा बैंक तथा वित्तीय संस्थाहरुलाई छुट्टाछुट्टै रुपमा जारी गरिएका नियमन तथा निर्देशनहरुलाई उपयुक्त रुपमा परिमार्जन गरी एकीकृत रुपमा जारी गरी आर्थिक वर्ष २०६२।६३ देखि लागू गरिएको छ।

६३. नेपालले निरन्तर रुपमा बजारमुखी र उदार नीतिहरू अवलम्वन गरिरहेको परिवेशमा विश्व व्यापार सँगठनको सदस्यता प्राप्त गर्दा नेपालले सन् २०१० देखि विदेशी बैंकका शाखाहरू नेपालमा खोल्न सकिने प्रतिवद्धता जनाएको सन्दर्भमा आवश्यक व्यवस्था मिलाउनु पर्ने हुँदा यस बैंकको बैक तथा वित्तीय संस्था नियमन विभागको अगुवाईमा त्यस्ता शाखाहरू खोल्न दिदा अपनाउनु पर्ने नीति, नियम तथा आवश्यक पर्ने व्यवस्थाहरू तर्जुमा गर्ने र विदेशी मुलुकहरूमा भएका व्यवस्थाहरू समेत अध्ययन गर्न एक अध्ययन टोली गठन भई सो टोलीले आफ्नो अध्ययन कार्य सम्पन्न गरिसकेको छ । सो को प्रतिवेदन चाडै सार्वजनिक गरिने छ ।

६४. बैक तथा ऋणीबीच कर्जा असूली तथा कर्जा कारोबार सम्वन्धमा सृजित समस्याहरूलाई निराकरण गर्न यस बैंकका डेपुटी गर्भनरको संयोजकत्वमा एक गुनासो सुनुवाई एकाइ गठन भई कर्जासँग सम्बन्धित समस्याहरू निराकरण गर्ने कार्य जारी रहेको छ । उक्त कार्यलाई अझ प्रभावकारी बनाउन दुई जना सल्लाहकार नियुक्त गरी एक समिति गठन भई सोबाट समेत कार्यहरू भइरहेका छन् । यस गुनासो सुनुवाई एकाइमा २०६२ पौषसम्ममा १२६ वटा गुनासो परेकोमा १०३ वटा गुनासो सुनुवाई समेत भइसकेको छ ।

६५. बैंकिङ्ग क्षेत्रलाई प्रयोग गरी अवैध कारोबार सञ्चालन गर्ने व्यक्ति तथा संस्थालाई निरुत्साहित गर्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो ग्राहक पहिचान (know your customer - KYC) गर्न आर्थिक वर्ष २०६२।६३ भित्रै KYC सम्बन्धी नीति र निर्देशन जारी गरी कार्यान्वयनमा ल्याइने भनी मौद्रिक नीतिमा उल्लेख भएकोमा KYC को लागि व्यवस्था गर्न प्रस्तावित निर्देशनको मस्यौदा तयार भई सकेको र यसलाई सरोकारवालाहरूसँग छलफल गरी लागू हुने क्रममा रहेको छ ।

६६. सन् २००७ देखि वाणिज्य बैंकहरुमा लागू गरिने Basel II Accord को कार्यान्वयनबाट वाणिज्य बैंकहरुको पूँजीगत संरचनामा पर्ने असर बारे यस बैंकको बैंक सुपरिवेक्षण विभागको अगुवाईमा भइरहेको Quantitative Impact Study (QIS) कार्य सम्पन्न भइसकेको छ । यसको प्रतिवेदन चाँडै नै सार्वजनिक गरिने छ ।

६७. पूँजीकोष अनुपात कुल भारित जोखिम सम्पत्तिको १२.० प्रतिशत हुनुपर्ने, जसमध्ये प्राथमिक पूँजी न्यूनतम ६.० प्रतिशत तोकिएको र 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाहरुको हकमा यो अनुपात ८.० प्रतिशत कायम गरिने, जसमध्ये न्यूनतम प्राथमिक पूँजी ४.० प्रतिशत हुनुपर्ने सम्बन्धमा परिपत्र जारी भइसकेको छ ।

६८. नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षकीय भूमिकालाई अझ सुदृढ तथा प्रभावकारी बनाउने उद्देश्यले निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०५९ तथा स्थलगत निरीक्षण निर्देशिकालाई आवश्यकताअनुसार परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

६९. ठूला ऋणीहरुले एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा कारोबार (Multiple Banking) गरिरहेको परिप्रेक्ष्यमा त्यस्ता कारोबारबाट बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाहमा रहन गएको सघनता (Concentration of Loan Portfolio) सम्बन्धमा नियमित अनुगमन भइरहेको छ । सोही अनरुप नै २०६२ श्रावण १ गतेदेखि लागू हुने गरी एकीकृत निर्देशन तयार गर्दा ठूला ऋणीसँग सम्बन्धित नियमनहरुलाई परिमार्जन समेत गरिएको छ ।

७०. राष्ट्रिय लघु वित्त नीतिको मस्यौदा तयार गरी श्री ५ को सरकारमा गत आर्थिक वर्षमा नै पठाइसकिएको र श्री ५ को सरकारबाट सार्वजनिक भएपश्चात् कार्यान्वयनमा ल्याइने

कार्यक्रम रहेको छ। राष्ट्रिय लघु वित्त नीति तर्जुमा भएपछि सोसँग सामञ्जस्य हुनेगरी लघु वित्त ऐन तर्जुमा गरिने छ।

७१. लघु वित्त क्षेत्रमा काम गर्ने संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि Second Tier Institution (STI) खडा गर्ने क्रममा सोसम्बन्धी ऐनको मस्यौदा तयार गरी सम्बन्धित स्टेकहोल्डर्सलाई सो सम्बन्धमा आवश्यक सुझावको लागि पत्राचार भइसकेको छ। उक्त अध्यादेश जारी भएपछि मात्र सोअन्तर्गत STI को स्थापना गरिने छ।

७२. ग्रामीण स्वावलम्बन कोषलाई थोक कर्जा उपलब्ध गराउने स्वशासित वित्तीय संस्थाको रुपमा विकसित गर्ने क्रममा ऐनको मस्यौदा तयार गरिएको र यस बैंकबाट सञ्चालित अवधि समाप्त भएका विभिन्न लघु वित्तीय परियोजनाहरुको दायित्व तथा सम्पत्ति कोषमा हस्तान्तरण गर्ने क्रममा श्री ५ को सरकारको स्वीकृतिको लागि मिति २०६२।०८।०५ मा अर्थ मन्त्रालयमा पत्राचार गरिएको छ।

७३. लघु वित्तलाई गरिबी निवारणको प्रमुख उपायको रुपमा विकास गरी ग्रामीण र विपन्न वर्गसम्म यसको सेवा विस्तार गर्न लघु वित्त विकास बैंकहरुमा लगानी गर्न इच्छुक व्यक्तिहरुलाई अझ प्रोत्साहित गर्ने उद्देश्यले प्रति व्यक्ति/संस्था शेयर लिन सकिने अधिकतम सीमा चुक्ता पूँजीको १५ प्रतिशतबाट बढाएर २५ प्रतिशतसम्म पुऱ्याइएको छ।

**बाह्य क्षेत्र**

७४. वाणिज्य बैंकहरुले व्यक्ति तथा संघ संस्थाहरुलाई विभिन्न प्रयोजनको लागि बढीमा अमेरिकी डलर १,००० सम्मको सटही सुविधा सोझै प्रदान भइरहेकोमा आर्थिक वर्ष २०६२।६३ देखि लागू हुने गरी यस्तो किसिमको सटही सीमा वृद्धि गरी अमेरिकी डलर १,५०० सम्म प्रदान गर्ने सम्बन्धमा परिपत्र जारी भइसकेको छ।

७५. अमेरिका, क्यानाडा, अष्ट्रेलिया, न्यूजील्याण्ड र बेलायतजस्ता विकसित देशहरुमा आप्रवास भिसामा जाने नेपाली नागरिकहरुलाई settlement खर्चबापत भिसा प्राप्त व्यक्तिको हकमा अमेरिकी डलर ५,००० र निजको परिवार (Spouse) समेत जाने भएमा अमेरिकी डलर १०,०००।– उपलब्ध गराउने सम्बन्धमा परिपत्र जारी भइसकेको छ।

७६. परिवर्त्य विदेशी मुद्रामा खाता भएका फर्म/संस्था/कम्पनीहरुले आफ्नो व्यापार, व्यवसाय प्रवर्द्धन गर्नको लागि भारत बाहेकका मुलुकहरुमा आयोजना हुने मेला, प्रदर्शनीमा भाग लिनको लागि स्टल बुकिङ्ग, रजिष्ट्रेशन शुल्क, सेवा शुल्क इत्यादिको भुक्तानी गर्न आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा सम्बन्धित फर्म/संस्था/ कम्पनीहरुले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाता खर्च गर्ने गरी वाणिज्य बैंकहरुबाट सोझै प्रदान गर्न सक्ने व्यवस्था भएको छ।

७७. विदेशी मुद्रामा खाता खोलेका व्यक्तिहरुको खाता सञ्चालन खातावालले अख्तियारी प्रदान गरेको अवस्थामा निजको दम्पति वा बाबु/आमाले पनि सो खाता सञ्चालन गर्नसक्ने व्यवस्था लागू भएको छ।

७८. निर्यातकर्ताको लागि लागू गरिएको Cash Against Documents (CAD) अन्तर्गत बैंक ग्यारेन्टीको आधारमा वस्तुहरु निर्यात गर्न सकिने व्यवस्थालाई समयानुकूल गरी एकपटकमा बढीमा अमेरिकी डलर १,००,००० सम्म निर्यात मूल्यको ५.० प्रतिशतले हुने रकम बैंक ग्यारेण्टी राखेर निवेदन दिएमा यस बैंकले त्यस्तो निर्यात गर्ने स्वीकृति प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०६२।६३ देखि उक्त अमेरिकी डलर १,००,००० को सीमालाई

वृद्धि गरी अमेरिकी डलर २,००,००० पुऱ्याइएको छ। साथै नगद, बचत पत्र, विकास ऋणपत्र तथा सम्बन्धित बैंकलाई मान्य हुने अन्य सुरक्षणपत्रहरुको आधारमा उक्त सीमासम्मको निर्यातको भुक्तानी वाणिज्य बैंकहरुबाट सोझै प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

७९. ड्राफ्ट/टि.टी. सुविधाअन्तर्गत भारतबाहेक तेस्रो मुलुकबाट सामान आयात गर्न पठाइएको अग्रीम भुक्तानी बापतको रकम कारणवश बिक्रेताले सामान सिपमेण्ट नगरी उक्त रकम फिर्ता पठाएको अवस्थामा भुक्तानी पठाउने समयमा धरौटी बापत भन्सार कार्यालयको नाममा जारी भएको चेक सम्बन्धित वाणिज्य बैंक आफैले रद्द गर्न सक्ने सम्बन्धमा परिपत्र जारी भइसकेको छ।

८०. परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रमा उल्लेखित रकमभन्दा बढीको डकुमेण्ट प्राप्त भएको अवस्थामा प्रतीतपत्रमा उल्लेखित मूल्यको २.० प्रतिशत वा अमेरिकी डलर १,००० मध्ये जुन कम हुन्छ, सो रकमसम्मको डकुमेण्ट सम्बन्धित वाणिज्य बैंक आफैले स्वीकार गर्नसक्ने व्यवस्था भइसकेको छ।

८१. परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्र वा ड्राफ्ट/टि.टी.अन्तर्गत बैंकबाट डकुमेण्ट छुटाउँदा वा अग्रिम भुक्तानी पठाउँदा सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको धरौटी बापतको चेक म्यादभित्र प्रयोग हुन नसकेमा ९० दिनभित्रैमा यथेष्ट प्रमाणसहित म्याद थप गर्न आएमा सम्बन्धित वाणिज्य बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्नसक्ने व्यवस्था भएको छ।

८२. यस बैंकको स्वीकृतिमा विदेशी मुद्रामा ऋण लिएका ऋणीसँग सो ऋणको ब्याजदर Hedge गर्ने सिलसिलामा कुनै वाणिज्य बैंकले Interest Rate SWAP गर्न चाहेमा सो कारोबारबाट उत्पन्न कुनै पनि दायित्व यस बैंकले नलिने शर्तमा वाणिज्य बैंकहरुलाई त्यस्तो कारोबार गर्ने स्वतन्त्रता दिइएको छ।

८३. निजी क्षेत्रका आयातकर्ताले नेपालमा रासायनिक मल आयात गर्ने क्रममा डकुमेण्ट छुटाउँदा आयातीत मूल्यको १०.० प्रतिशत रकम बैंकमा दाखिला गर्नुपर्ने वा बैंक ग्यारेण्टी पेश गर्नुपर्ने व्यवस्था भइरहेकोमा मल आयातमा निजी क्षेत्रलाई थप प्रोत्साहित गरी यथासमयमा मल आपूर्तिको व्यवस्था मिलोस भन्ने उद्देश्यले उक्त १०.० प्रतिशत धरौटी रकमलाई २.० प्रतिशतमा झारिएको छ।

८४. वाणिज्य बैंकमा विदेशी मुद्राको खाता हुने अन्तर्राष्ट्रिय संघसंस्थाहरुले भारतमा विदेशी मुद्रामा नै भुक्तानी गर्नुपरेमा वाणिज्य बैंकहरुबाट सिधै भुक्तानी पठाउन सक्ने व्यवस्था गरिएको छ।

८५. पासपोर्टमा दरपीठ गर्ने व्यवस्था हटाउने र एक आर्थिक वर्षमा सो प्रयोजनका लागि एकभन्दा बढी पटक विदेशी मुद्रा सटही सुविधा दिने व्यवस्था गरिएको छ।

८६. नेपालमा सञ्चालित निजी क्षेत्रका उद्योग, कम्पनी वा फर्मले विदेशबाट ऋण लिनु परेमा नेपाल राष्ट्र बैंकसँग अनुमति लिनुपर्ने व्यवस्था रहेकोमा कसैले कुनै स्वदेशी सम्पत्ति धरौटी नराखी एकवर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण लिन चाहेमा राष्ट्र बैंकलाई जानकारी मात्र दिए पुग्ने, अनुमति लिनु नपर्ने व्यवस्था गरिएको छ।

८७. भारतबाट अमेरिकी डलर भुक्तानी गरी आयात गरिने कच्चा पदार्थ तथा अन्तर्वर्ती वस्तुको संख्या ६६ बाट बढाई २०६२ पौष मसान्तसम्ममा ६९ पुऱ्याइएको छ।

## आर्थिक तथा मौद्रिक परिदृश्य (Economic and Monetary Outlook)

८८. यस बैंकले केही वर्षयता अग्रदृष्टि (forward looking) को आधारमा मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयन गर्दै आएको छ। नेपालको मौद्रिक नीति सञ्चालन रणनीतिका आधारभूत तत्वहरुका रुपमा सम्भावित आर्थिक वृद्धि र मुद्रास्फीति तथा शोधनान्तर स्थितिको प्रक्षेपण रहेका छन्। आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीति पनि यिनै आर्थिक परिदृश्यहरुको आधारमा तर्जुमा गरिएको थियो।

८९. आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा यो वर्षको लागि आर्थिक वृद्धिदर ४.०–४.५ प्रतिशत प्रक्षेपण गरिएको थियो। माथि विश्लेषण गरी सकिएझैं यो लक्षित आर्थिक वृद्धिदर अर्थतन्त्रको सम्भाव्य उत्पादन (potential output) वृद्धिदरको आधारमा गरिएको थियो। विश्व उत्पादन वृद्धिदर ४.३ प्रतिशत रहने, विश्व व्यापार आयतन वृद्धिदर अघिल्लो वर्षको भन्दा ७.४ प्रतिशत बढी रहने र नेपालका व्यापार साझेदार तथा छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर उच्च रहने परिदृश्यको परिप्रेक्षमा नेपालको अर्थतन्त्रमा त्यसको सकारात्मक प्रभाव पर्ने सम्भावनाको आधारमा आर्थिक वृद्धिदर अर्थतन्त्रको सम्भावित उत्पादन वृद्धिदर सरह रहन सक्ने अनुमान गरिएको थियो। विगत एक दशकयता चल्दै आएको आन्तरिक द्वन्द्व र राजनैतिक तनावको स्थितिमा अपेक्षाकृत सुधार आउन सकेन। विश्व आर्थिक वृद्धिदर र विश्व व्यापार आयतन वृद्धिको तुलनामा नेपालको तेस्रो मुलुकमा निर्यात हुने वस्तु तथा सेवाको अपेक्षाकृत विस्तार हुन सकेन। मौसम अप्रत्याशित रुपमा प्रतिकूल रहेकोले कृषि क्षेत्रको वृद्धिदर न्यून रहने देखिएको छ। निजी क्षेत्रमा प्रवाहित बैंक कर्जाको वृद्धिदर न्यून रहेबाट व्यवसायको विस्तार मन्द (subdued) रहेको देखिन्छ। यी सबै कारणहरुले गर्दा आर्थिक वृद्धिदर वार्षिक मौद्रिक नीतिमा प्रक्षेपण गरेको भन्दा कम अर्थात् सामान्य (modest) रहने देखिन्छ।

### तालिका १० : विश्व उत्पादन परिदृश्य

(प्रतिशतमा)

| | २०५९।६० | २०६०।६१ | २०६१।६२ | २०६२।६३ |
|---|---|---|---|---|
| विश्व उत्पादन | ४.० | ५.१ | ४.३ | ४.३ |
| संयुक्त राज्य अमेरिका | २.७ | ४.२ | ३.५ | ३.३ |
| युरो क्षेत्र | ०.७ | २.० | १.२ | १.८ |
| संयुक्त अधिराज्य | २.५ | ३.३ | १.९ | २.२ |
| जापान | १.४ | २.७ | २.० | २.० |
| भारत | ७.४ | ७.३ | ७.१ | ६.३ |
| चीन | ९.५ | ९.५ | ९.० | ८.२ |
| पाकिस्तान | ५.७ | ७.१ | ७.४ | ६.५ |
| बंगलादेश | ५.८ | ५.८ | ५.७ | ६.० |

स्रोत : World Economic Outlook, IMF, September 2005.

९०. आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा यो वर्ष उपभोक्ता मूल्यमा आधारित वार्षिक औसत मुद्रास्फीति ५.० प्रतिशत रहने प्रक्षेपण गरिएको थियो। अपेक्षा विपरीत आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा मुद्रास्फीति उच्च रह्यो। नेपालको मुद्रास्फीतिलाई प्रभाव पार्ने कारक तत्वहरुमध्ये आयातीत वस्तुहरुको विश्व बजार मूल्य तथा

भारतीय मुद्रास्फीतिदर नियन्त्रित अवस्थामै रहे पनि अप्रत्यक्ष कर तथा सरकारी नियन्त्रित खासगरी २०६२ भाद्रमा समायोजन गरेको इन्धनको मूल्य वृद्धिले समग्र मूल्यमा प्रभाव पाऱ्यो । वार्षिक मौद्रिक नीति तर्जुमा गर्दा मुद्रास्फीतिका यी कारक तत्वहरु अपेक्षित थिए । तर, आर्थिक वर्ष २०६२।६३ को ६ महिनाको अवधिमा खाद्यान्नको मूल्यसूची अप्रत्याशित दरले बढ्यो । अन्तर्राष्ट्रिय स्तरमा इन्धनको मूल्य वृद्धि भएको र नेपालमा तदअनुरुप इन्धनको मूल्य वृद्धि गर्ने परिपाटी विकसित भइनसकेको वर्तमान अवस्थामा मुद्रास्फीतिकारी अपेक्षाको कारणले समेत मूल्यमा तीव्र चापको स्थिति देखापरेको हो । आर्थिक वर्ष २०६२।६३ का सुरुका महिनाहरुमा मुद्रास्फीतिदर बढ्ने प्रवृत्ति देखिएकोमा आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनामा आइपुग्दा मुद्रास्फीतिदर बढ्ने क्रम रोकिएको छ। हालसम्मको मुद्रास्फीतिको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०६२।६३ को वार्षिक औसत मुद्रास्फीतिदर वार्षिक मौद्रिक नीतिमा लक्षितभन्दा दुई प्रतिशत बिन्दु बढी अर्थात् ७.० प्रतिशत रहने संशोधित अनुमान छ ।

**तालिका ११ : विश्व उपभोक्ता मुद्रास्फीति परिदृश्य**

(प्रतिशतमा)

| | २०५९।६० | २०६०।६१ | २०६१।६२ | २०६२।६३ |
|---|---|---|---|---|
| अमेरिका | २.३ | २.७ | ३.१ | २.८ |
| युरो क्षेत्र | २.१ | २.१ | २.१ | १.८ |
| संयुक्त अधिराज्य | १.४ | १.३ | २.० | १.९ |
| जापान | -०.२ | -- | -०.४ | -०१ |
| भारत* | ३.५ | ५.४ | ६.४ | ५.०–५.५ |
| चीन | १.२ | ३.९ | ३.० | ३.८ |
| पाकिस्तान | २.९ | ७.४ | ९.९ | ९.८ |
| बंगलादेश | ५.४ | ६.१ | ६.२ | ५.८ |

*थोक मूल्य सूचकाङ्कमा आधारित ।

स्रोत : World Economic Outlook, IMF, September 2005.र Hand book of Statistics on Indian Economy, http:\\www.rbi.org.in

९१. आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा वार्षिक शोधनान्तर बचत रु ४ अर्ब ५० करोड रहने लक्ष्य तोकिएको थियो। आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनासम्मको व्यापार तथ्याङ्कअनुसार निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकाले व्यापार सन्तुलनमा चाप पर्ने देखिएको छ। तथापि निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धिदर उच्च रहेकाले आर्थिक वर्ष २०६२।६३ मा समग्र शोधनान्तर बचत लक्षित रु ४ अर्ब ५० करोडभन्दा रु. एक अर्ब बढी अर्थात् रु ५ अर्ब ५० करोड रहने संशोधित अनुमान छ।

९२. आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा विस्तृत मुद्राप्रदायको लक्षित वृद्धिदर १३.० प्रतिशत राखिएको थियो । आर्थिक वृद्धिदर ४.०–४.५ प्रतिशत, औसत मुद्रास्फीतिदर ५.० प्रतिशत र शोधनान्तर बचत रु ४ अर्ब ५० करोड कायम रहने अनुमानको आधारमा विस्तृत मुद्राप्रदायको लक्षित वृद्धिदर १३.० प्रतिशत राखिएको थियो। मुद्राप्रदाय प्रक्षेपणका उपरोक्त आधारहरुमा हाल आएर केही परिवर्तन हुने देखिएको छ। आर्थिक वृद्धिदर लक्ष्यभन्दा कम र मुद्रास्फीति तथा शोधनान्तर बचत लक्ष्यभन्दा बढी रहने देखिएको छ।

९३. मूल्यमा चाप परेको र कुल गार्हस्थ्य उत्पादनमा आधारित आर्थिक वृद्धिदर लक्ष्यभन्दा कम रहने वर्तमान परिस्थितिमा विस्तृत मुद्राप्रदायको वृद्धिदर तोकिएको लक्ष्यभन्दा कम कायम गर्न आवश्यक देखिन्छ। तर मुलुकबाहिर काम गर्ने नेपालीहरुले आर्जन गरी पठाएको विप्रेषण आप्रवाह २०६१।६२ मा रु ६५ अर्ब पुगेको तथा यो आप्रवाह अझै बढ्ने क्रममा रहेको र यो आप्रवाह अन्तर्राष्ट्रिय प्रचलन अनुरुप ट्रान्सफरको रुपमा[९] लिइने भएकोले यो रकम कुल राष्ट्रिय आय (gross national product/income) को गणनामा पर्दैन। विदेशमा काम गरी पठाएको विप्रेषणले स्वदेशी मुद्राको माग बढाउँछ। यस सन्दर्भमा कुल गार्हस्थ्य उत्पादन वृद्धिको आधारमा मात्र मुद्राप्रदायको वाञ्छित सीमा निर्धारण गरेर मौद्रिक व्यवस्थापन गर्दा मूल्य स्थितिमा केही सकारात्मक प्रभाव परे पनि अर्थतन्त्रमा तरलताको अभाव हुने र नेपाली मुद्राको प्रचलित विनिमयदर अधिमूल्यित भई आर्थिक कारोबारहरुमा प्रतिकूल असर पर्ने भएकाले निजी क्षेत्रको विप्रेषण आप्रवाह समेतलाई आधार मानेर मुद्राप्रदायको वाञ्छित सीमा[१०] कायम गर्न आवश्यक देखिएको छ। यसै तथ्यलाई मध्यनजर गरेर आर्थिक वर्ष २०६२।६३ को लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १३.० प्रतिशतको सीमालाई यथावतै कायम राखिएको छ।

## मौद्रिक नीतिको रुझान

९४. आर्थिक वृद्धिदर र मुद्रास्फीतिबीच सन्तुलन कायम गरी मौद्रिक व्यवस्थापन गर्नु वर्तमान स्थितिमा चुनौतीपूर्ण कार्य हो। इन्धनको मूल्य वृद्धिका कारण अन्तर्राष्ट्रिय स्तरमै नियन्त्रित भएपनि मूल्यमा चापको स्थिति विद्यमान छ। विश्वका धेरैजसो केन्द्रीय बैंकहरुले मूल्यमा विद्यमान चापलाई उत्पादन वृद्धि र वित्तीय क्षेत्र स्थायित्वको लागि जोखिमका रुपमा लिने गरेका छन्। यसै सन्दर्भमा केन्द्रीय बैंकहरुले मौद्रिक नीतिलाई कडा पार्दै लगेका छन्। उदाहरणको लागि अमेरिकी केन्द्रीय बैंक (Federal Reserve Bank) ले बैंकदरलाई ४.२५ प्रतिशत पुऱ्याएको छ भने बैंक अफ इंगल्याण्डले (रिपोदरलाई) ४.५ प्रतिशतमा वृद्धि गरेको छ। छिमेकी मुलुक भारतले बैंकदरलाई ६.० प्रतिशत यथावत कायम गरे तापनि रिपोदरलाई क्रमशः बढाउँदै लगी ६.५ प्रतिशत पुऱ्याइसकेको छ।

९५. नेपालमा पनि मुद्रास्फीतिमा तुलनात्मक हिसाबले चापको स्थिति छ। समग्र मूल्य वृद्धि हुनुमा आपूर्तिजन्य कारक खासगरी खाद्यान्नमा भएको मूल्य वृद्धिको ठूलो भूमिका रहनुका साथै मुद्रास्फीतिकारी अपेक्षाले पनि मूल्यमा चाप पारेको छ। सम्पत्तिको मूल्य वृद्धि भइरहेको सन्दर्भमा पनि वित्तीय क्षेत्रको स्थायित्वप्रति चनाखो हुन उत्तिकै आवश्यक छ। मौद्रिक

---

[९] विदेशमा एक वर्षभन्दा कम बसी फर्कनेहरुलाई resident को रुपमा लिई उनीहरुले विदेशमा कमाएको आर्जनलाई कुल राष्ट्रिय आयमा समावेश गर्ने गरेको तर विदेशमा एक वर्षभन्दा बढी बस्नेहरुलाई non-residents को रुपमा लिने गरेको र तिनीहरुले विदेशमा काम गरी पठाएको आर्जनलाई transfer को रुपमा लिने गरेको ।

[१०] मुद्राप्रदायको वाञ्छित सीमा निर्धारण गर्दा हाल कुल गार्हस्थ्य उत्पादन (GDP) को वृद्धिदरलाई लिने गरिएको छ। सङ्केतात्मक रुपमा GDP को आधार : GDP = C + I + G + (X – M) हो। जहाँ C = निजी क्षेत्रको उपभोग्य खर्च, I = निजी क्षेत्रको लगानी खर्च, G = कुल सरकारी खर्च, X = स्वदेशी वस्तु तथा (nonfactor) सेवाको निर्यात र M = वस्तु तथा (nonfactor) सेवाको आयात। GNP = GDP + YF. जहाँ, YF = Net factor income from abroad. यसमा एक वर्षभन्दा कम बाहिर बसेर काम गर्ने नेपालीहरुको आय समेत पर्दछ। निजी क्षेत्रको बढ्दो विप्रेषण आय (एक वर्षको अवधिभन्दा बढी विदेशीमा काम गर्नेहरुले पठाएको/भित्र्याएको रकम) दृष्टिगत गर्दा आर्थिक विश्लेषणको लागि GDI (gross disposable income) को गणना गर्न आवश्यक देखिएको छ। सङ्केतात्मक हिसाबले, GDI = GNP + TRF, जहाँ, TRF = net transfers from aborad.

नीतिको अर्थतन्त्र उपर पर्ने प्रभावको समय अन्तराल (time lag) लामो रहने परिप्रेक्षमा पनि यो नीति proactive हुन आवश्यक हुन्छ। तसर्थ, मौद्रिक तथा वित्तीय क्षेत्र स्थायित्व कायम गर्न यस बैंकले निम्न व्यवस्था गरेको छ।

(क) वार्षिक मौद्रिक नीतिमा व्यवस्था भए झैं मौद्रिक नीतिको सजक रुझान यथावत कायम राखिएको छ।

(ख) बैंक दरमा हाल कारोवार नहुने गरेको भए पनि यस बैकले यसलाई मौद्रिक नीतिको सङ्केतको (policy rate) रुपमा लिंदै आएको छ। मौद्रिक उद्देश्य हासिल गर्न खुला बजार कारोबारलाई प्रयोगमा ल्याइएको सन्दर्भमा सोहीबमोजिम तालमेल मिलाउन र मौद्रिक नीतिको सङ्केतको रुपमा प्रयोग गरी मुद्रास्फीतिकारी अपेक्षामा अंकुस लगाउन बैंकदरलाई साबिकको ६.० प्रतिशतबाट ६.२५ प्रतिशत कायम गरिएको छ।

(ख) पुनर्कर्जादर तथा अनिवार्य नगद अनुपात यथावत कायम राखिएको छ।

(ग) मुद्रास्फीतिप्रति राष्ट्र बैंक सम्वेदनशील छ। मुद्रास्फीति नियन्त्रण गर्ने प्रमुख मौद्रिक उपायको रुपमा खुला बजार कारोबारलाई तरलता प्रशोचन गर्नको लागि विशेष जोड दिइने छ। अधिक तरलता व्यवस्थापन गर्न यस बैंकले आफ्नो स्वामित्वमा रहेको सरकारी ऋणपत्रहरुलाई सोझै बिक्री बोलकबोल मार्फत बिक्री गर्ने छ। उक्त उपायबाट पनि पनि तरलताको व्यवस्थापन हुन नसकेमा नेपाल राष्ट्र बैंकले अन्य बैकल्पिक उपाय समेत गर्ने छ।

(घ) यस बैंकको अग्रसरतामा प्रत्येक बुधवार ट्रेजरी बिल्समा गरिंदै आएको खुला बजार कारोबारलाई यथावत राख्दै विकसित मौद्रिक स्थिति (evolving monetary situation) र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको आधारमा हप्ताको कुनै पनि दिनमा मौद्रिक उपायको रुपमा ट्रेजरी बिल्समा खुला बजार कारोबार गर्न सकिने व्यवस्था सुरु गरिने छ।

## निष्कर्ष

९६. मौद्रिक नीतिका विविध पक्षहरुको स्थितिबारे मौद्रिक नीतिका साझेदारहरुसँग सम्वाद खुला गर्दै पारदर्शी मौद्रिक नीति सञ्चालन गर्ने परिपाटीलाई यस बैंकले मौद्रिक व्यवस्थापन रणनीतिको महत्वपूर्ण अङ्गको रुपमा लिंदै आएको छ। आर्थिक वर्ष २०६२।६३ को प्रथम ६ महिनाको अवधिमा उपलब्ध तथ्याङ्कको आधारमा मौद्रिक नीतिका आखिरी लक्ष्य, रणनीतिक लक्ष्य र मौद्रिक उपायहरुको कार्यान्वयनको स्थिति विश्लेषण गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ। मौद्रिक नीतिको तर्जुमा, कार्यान्वयन र विश्लेषणका सम्बन्धमा प्राप्त हुने सुझाव तथा टीकाटिप्पणीलाई यस बैंकले सदाझैं मार्गदर्शनको रुपमा लिने छ। आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा उल्लेख भएका मौद्रिक, वित्तीय क्षेत्र तथा बाह्य क्षेत्र सम्बन्धित नीतिगत व्यवस्थाहरुको मध्यावधि मूल्याङ्कन समीक्षाको म्याट्रिक्स अनुसूचीमा दिइएको छ। साथै, मौद्रिक नीतिको मध्यावधि समीक्षा तयार पार्दा प्रत्यक्ष तथा परोक्ष रुपमा प्रयोग गरिएका तथ्याङ्कहरु पनि अनुसूचीमा दिइएका छन्।

**समाप्त**

# नेपाल राष्ट्र बैंक

## आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरुको मध्यावधि मूल्यांकन

## म्याट्रिक्स

| क्र. सं. | बुँदा | लक्ष्य/कार्यक्रमहरु | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयनको स्थिति |
|---|---|---|---|---|---|
| १ | २१ | लक्षित मूल्य वृद्धिदर ५.० प्रतिशत तोकिएको | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | पेट्रोलियम पदार्थको मूल्य वृद्धि तथा यसबाट यातायात एवं सञ्चार क्षेत्रमा भएको मूल्य वृद्धि र मौसमी प्रतिकूलताका कारण चामल तथा चामल जन्य पदार्थको उच्च मूल्यवृद्धिका कारण औसत मूल्य वृद्धिदर लक्ष्यभन्दा केही बढी ( ७.० प्रतिशत ) रहने संशोधित अनुमान |
| २ | २२ | शोधनान्तर वचत रु. ४ अर्ब ५० करोड कायम गर्ने | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | शोधनान्तर बचत लक्ष्य भन्दा रु एक अर्ब बढी अर्थात रु. ५ अर्ब ५० करोड हासिल हुने संशोधित अनुमान |
| ३ | २३ | यथार्थ विनिमयदरलाई सन्तुलित बनाइराख्ने | ने.रु.को यथार्थ विनिमयदर अधिमूल्यित/ न्यूनमूल्यित भए/नभएको अनुगमन गर्ने | अनुसन्धान/विदेशी विनिमय व्यवस्थापन विभाग | यथार्थ प्रभावी विनिमय दर लगभग सन्तुलित रहेको |
| ४ | २४ | ४.० देखी ४.५ प्रतिसतसम्मको आर्थिक वृद्धिदर सहज पार्ने | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | आर्थिक वृद्धिदर सामान्य रहने |
| ५ | २७ | विस्तृत मुद्राप्रदायको वृद्धिदर १३.० प्रतिशत कायम गर्ने | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | विस्तृत मुद्राप्रदाय लक्ष्य बमोजिम रहने देखिएको |
| ६ | २७ | संकुचित मुद्राप्रदायको वृद्धिदर १२.० प्रतिशत कायम गर्ने | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | संकुचित मुद्राप्रदाय पनि लक्ष्य बमोजिम रहने देखिएको |
| ७ | २८ | विस्तृत मुद्रा प्रदायलाई मौद्रिक सूचकको रुपमा लिइने | अनुगमन गर्ने र नीतिगत व्यवस्था बारे विश्लेषण गर्ने | अनुसन्धान विभाग | विस्तृत मुद्राप्रदायलाई मौद्रिक परिसूचकको रुपमा लिइएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ३४ | वाणिज्य बैंकहरुको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा कायम राखिने | तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको माध्यमवाट तरलता अनुगमन गर्ने र तरलता प्रक्षेपण कार्यलाई प्रभावकारी रुपमा सन्चालन गर्ने | अनुसन्धान विभाग | अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिई तरलता अनुगमन तथा प्रक्षेपणमार्फत खुला बजार कारोवारलाई सहयोग पु-याउने गरिएको |
| ९ | ३६ | तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई अधिक तरलता व्यवस्थापनको आधारस्तम्भको रुपमा लिने | तरलता अनुगमन तथा प्रक्षेपण संरचनाबाट प्राप्त निष्कर्षलाई केन्द्रविन्दु बनाई दोस्रो बजार कारोवार संचालन गर्ने | अनुसन्धान/राष्ट्र ऋण व्यवस्थापन विभाग | सोहिबमोजिम कार्य भैरहेको |
| १० | ३७ | बैंकदरलाई ५.५ प्रतिशतवाट ६.० प्रतिशत कायम गरिएको | यस सम्बन्धमा भए गरेको विवरण यथाशीघ्र उपलब्ध गराउने | अनुसन्धान विभाग | वार्षिक मौद्रिक नीति सार्वजनक गरे लगतै कार्यान्वयमा ल्याइएको |
| १२ | ३८ | ग्रामीण विकास बैंकहरुका लागि तथा स्वदेशी मुद्रामा उपलब्ध गराइने निर्यात कर्जाको पुनरकर्जा दर ३.० प्रतिशतबाट ३.५प्रतिशतमा बढाइएको र रुग्ण उद्योग पुरनरकर्जा दरलाई यथावत राखिएको | यस सम्बन्धमा भए गरेको विवरण यथाशीघ्र उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/लघु वित्त विभाग/ बैंकिंग कार्यालय, काठमाडौं | वार्षिक मौद्रिक नीति सार्वजनक गरे लगतै कार्यान्वयमा ल्याइएको |
| १३ | ३९ | वाणिज्य वैंकहरुले नेपाल राष्ट्र बैंकसँग कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात ५ प्रतिशतमै कायम राखिएको र गणना समयान्तराल दुई हप्तामा छोट्याइएको | वाणिज्य बैंकहरुको अनिवार्य नगद मौज्दात स्थितिको अनुगमन गर्ने | बैंक सुपरीवेक्षण विभाग | वाणिज्य बैंकहरुले यस बैंकमा राख्नुपर्ने अनिवार्य नगद मौज्दात गणना गर्ने समय अन्तराल छोट्याइए अनुसार यस विभागबाट अनुगमन भईरहेको |
| १४ | ४० | रुग्ण उद्योग पुनरकर्जा सुविधा रु. २ अर्ब पु्-याइएको | रुग्ण उद्योगहरुलाई स्वीकृत भएको तथा प्रदान भएको पुनरकर्जाको विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/लघु वित्त विभाग/ बैंकिङ्ग कार्यालय, काठमाडौं | यस बैंकबाट पर्यटन क्षेत्र तथा अन्य उद्योग क्षेत्रमा समेत गरी यस आर्थिक वर्षको प्रथम ६ महिनाको अवधिमा रु. २२ करोड २८ लाख ५९ हजार रुग्ण उद्योग पुनरकर्जा प्रदान भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | ४१ | खरीद वोलकवोल, बिक्री बोलकबोल, रिपो बोलकबोल तथा रिभर्स रिपो बोलकबोल खुला बजार कारोवार संचालनलाई निरन्तरता दिइने | (क) दोस्रो बजार बोलकबोल कारोबारको लागि परिमाण निर्धारण गर्ने व्यवस्था मिलाउने । (ख) तरलता अनुगमन तथा प्रक्षेपण संरचनाबाट निर्धारण भएको परिमाणको आधारमा खुला बजार सञ्चालन समितिले दोस्रो बजार कारोबार बोलकबोल गर्ने (ग) उपरोक्त विवरणहरु राष्ट्र ऋण व्यवस्थापन विभागले नियमित रुपमा अनुसन्धान विभागमा पठाउने | अनुसन्धान/राष्ट्र ऋण व्यवस्थापन विभाग | यस प्रयोजनका लागि तरलता अनुगमन तथा प्रक्षेपण संरचनामार्फत साप्ताहिक रुपमा प्रत्येक सोमवार तरलतासम्बन्धी प्रतिवेदन राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउने गरिएको र राष्ट्र ऋण व्यवस्थापन विभागबाट पनि सोसम्बन्धी तथ्याङ्क निरन्तर रुपमा अनुसन्धान विभागलाई प्राप्त हुने गरेको |
| १६ | ४२ | रिपो र रिभर्स रिपो प्रतिफलको आधारमा बोलकबोल गरिने | | राष्ट्र ऋण व्यवस्थापन विभाग | उल्लेखित व्यहोराबमोजिम नै कार्यान्वयन भईरहेको |
| १७ | ४३ | प्रत्येक हप्ताको सोमवार प्राथमिक निष्कासन गर्ने र वुधवार दोस्रो बजार कारोवार गर्ने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | राष्ट्र ऋण व्यवस्थापन विभाग | उल्लेखित व्यहोराबमोजिम नै कार्यान्वयन भईरहेको |
| १८ | ४४ | बहीखाता दर्ताको माध्यमवाट ट्रेजरी बिल्सको कारोबार गर्ने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | राष्ट्र ऋण व्यवस्थापन विभाग/बैंकिङ्ग कार्यालय, काठमाडौं | कार्यान्वयन हुन बाँकि |
| १९ | ४६ | खुला बजार कारोवार र विदेशी विनिमय हस्तक्षेप कारोवार समन्वयात्मक ढंगले संचालन गर्ने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | विदेशी विनिमय व्यवस्थापन/राष्ट्र ऋण व्यवस्थापन विभाग | उल्लेखित व्यहोराबमोजिम नै कार्यान्वयन भईरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | ४७ | ऋणपत्रहरुलाई सरलीकरण गर्न ट्रेजरी विल्स, विकास ऋणपत्र र नागरिक वचत पत्र मात्र निष्काशन गर्ने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | राष्ट्र ऋण व्यवस्थापन विभाग | उल्लेखित व्यहोराबमोजिम नै कार्यान्वयन भईरहेको |
| २१ | ४८ | विकास ऋणपत्र वोलकवोलको माध्यमवाट निष्काशन गरिने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | अनुसन्धान विभाग /राष्ट्र ऋण व्यवस्थापन विभाग | चालु आर्थिक वर्षमा विकासऋणपत्र निष्काशन गर्न बाँकि |
| २२ | ४९ | म्यूचुअल फन्डस् कारोवार गर्न वित्तीय संस्थाहरुलाई प्रोत्साहन गर्ने | प्रोत्साहनका उपायहरु विश्लेषण गरी अवलम्वन गर्ने | बैंक तथा वित्तीय संस्था नियमन विभाग | यस सम्बन्धमा एभरेष्ट बैंकले म्यूचुअल फण्डको कारोवार आरम्भ गर्ने मनसाय देखाएको हुँदा सो सम्बन्धमा आवश्यक सहयोग गरिएको र अन्य बैंक तथा वित्तीय संस्थाहरुले चासो देखाएमा यस बैंकबाट सहयोग गरिने व्यवस्था गरिएको |
| २३ | ५० | वाणिज्य बैंकहरुका लागि एक छुट्टै तरलता सुविधाको व्यवस्था गरिएको | स्थायी तरलता सुविधाको परिमाण हाल वाणिज्य बैंकहरुको स्वामित्वमा रहेका श्री ५ को सरकारको ट्रेजरी विल्स र विकास ऋणपत्रको कुल रकमको ५० प्रतिसत अधिकतम ३ दिनसम्मका लागि उपलब्ध गराउने | राष्ट्र ऋण व्यवस्थान विभाग/बैंकिङ्ग कार्यालय, काठमाडौं | सोहिबमोजिम भईसकेको |
| २४ | ५१ | राष्ट्र ऋण तथा खुला बजार व्यवस्थापन सम्वन्धि कारोवारलाई व्यवस्थित गर्न Online System लागु गर्ने | भए गरेका कामहरुको विवरण उपलब्ध गराउने | राष्ट्र ऋण व्यवस्थापन/सूचना प्रविधि विभाग | Issue Calender लाई Website मा राख्ने गरिएको । साथै, ट्रेजरी बिल्सदर र अन्तरबैंक कारोबारदर पनि वेभसाइटमा राख्ने गरिएको |
| २५ | ५२ | श्री ५ को सरकारको ऋणपत्रको सावाँ तथा व्याज भुक्तानी कार्यमा बजार निर्माता तथा वाणिज्य बैंकहरुलाई आकर्षित गर्ने | सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | राष्ट्र ऋण व्यवस्थापन विभाग/बैंकिङ्ग कार्यालय, काठमाडौं | केही बैंकहरुले साँवा ब्याज भुक्तानी गरिरहेका |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | ५४ ५५ | राष्ट्रिय लघु वित्त नीति / ऐन जारी गरी कार्यान्वयनमा ल्याइने | सो संवन्धमा आवश्यक व्यवस्था मिलाउने | लघु वित्त विभाग | राष्ट्रिय लघु वित्त नीतिको मस्यौदा तयार गरी श्री ५ को सरकारमा गत आ.व. मा नै पठाइसकिएको र श्री ५ को सरकारबाट सार्वजनिक भएपश्चात् कार्यान्वयनमा ल्याइने । राष्ट्रिय लघु वित्त नीति तर्जुमा भएपछि सोसँग सामञ्जस्य हुनेगरी लघु वित्त ऐन तर्जुमा गरिने । |
| २७ | ५६ | लघु वित्त क्षेत्रमा काम गर्ने संस्थाहरुको नियमन , निरीक्षण तथा सुपरिवेक्षणका लागि Second–tier Institution (STI) खडा गर्ने | सो संवन्धमा भए गरेका विवरणहरु उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/लघु वित्त विभाग | लघु वित्त क्षेत्रमा काम गर्ने संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि STI खडा गर्ने क्रममा सोसम्बन्धी ऐनको मस्यौदा तयार गरी सम्बन्धित स्टेकहोल्डर्सलाई सो सम्बन्धमा आवश्यक सुझावको लागि पत्राचार भइसकेको र उक्त अध्यादेश जारी भएपछि मात्र सोअन्तर्गत STI को स्थापना हुने |
| २८ | ५७ | ग्रामीण स्वावलम्वन कोषलाई थोक कर्जा उपलब्ध गराउने स्वशासित वित्तीय संस्थामा परिणत गरी आर्थिक वर्ष २०६२/६३ भित्र सो कोषलाई राष्ट्रिय लघु वित्त कोषको रुपमा विकसित गरिने तथा यस बैंकबाट संचालित परियोजना अवधि समाप्त भएका विभिन्न लघु वित्तीय परियोजनाहरुको दायित्व तथा सम्पत्ति क्रमशः ग्रामीण स्वावलम्बन कोषमा हस्तान्तरण गरिने | सो सम्बन्धमा भए गरेका विवरणहरु उपलब्ध गराउने | लघु वित्त विभाग | ग्रामीण स्वावलम्वन कोषलाई थोक कर्जा उपलब्ध गराउने स्वशासित वित्तीय संस्थाको रुपमा विकसित गर्ने क्रममा ऐनको मस्यौदा तयार गरिएको र यस बैंकबाट सञ्चालित अवधि समाप्त भएका विभिन्न लघु वित्तीय परियोजनाहरुको दायित्व तथा सम्पत्ति कोषमा हस्तान्तरण गर्ने क्रममा श्री ५ को सरकारको स्वीकृतिको लागि मिति २०६२।०८।०५मा अर्थमन्त्रालयमा पत्राचार गरिएको |
| २९ | ५८ | "उच्चस्तरीय राष्ट्रिय लघुवित्त विकास परिषद्" गठन भए पश्चात् उक्त परिषद्को सचिवालय नेपाल राष्ट्र बैंकमा राखिने | लघु वित्तलाई सीमान्त र विपन्न वर्गमा पुऱ्याई आय आर्जन तथा स्वरोजगारको अवसर सिर्जना गर्ने मूल अस्त्रका रुपमा विकास गर्नेगरी उक्त क्षेत्रको दिगो विकास गर्न र लघु वित्तीय सेवाको विकास तथा विस्तारमा नीतिगत समन्वय र सामञ्जस्य ल्याउने | लघु वित्त विभाग | श्री ५ को सरकारबाट राष्ट्रिय लघु वित्त नीति जारी भएपछि मात्र सो कार्य सम्पादन हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | ५९ | संरचनात्मक सुधार पश्चात् मुनाफामा संचालित पूर्वाञ्चल ग्रामीण विकास बैंकको दोश्रो चरणको निजीकरण प्रक्रिया हाल जारी नै रहेको हुँदा मुनाफा आर्जन गर्ने अन्य ग्रामीण विकास बैंकलाई पनि क्रमशः निजीकरण गरिंदै लगिने र पश्चिमाञ्चल ग्रामीण विकास बैंकमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१ प्रतिशत शेयर स्वामित्वलाई १० प्रतिशतमा झार्ने क्रममा बाँकी ५१ प्रतिशत अंश प्रिमियम सहित निजीकरण भइसकेको सन्दर्भमा आर्थिक वर्ष २०६२।६३ मा उक्त बैंकमा रहेको श्री ५ को सरकारको स्वामित्वमा रहेको शेयरको निजीकरण प्रक्रिया सुरु गरिने | सो संवन्धमा भए गरेका विवरणहरु उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/ लघु वित्त विभाग | पूर्वाञ्चल ग्रामीण विकास बैंकको दोश्रो चरणको निजीकरण प्रक्रिया हाल जारी नै रहेको र बाँकी ३ वटा ग्रामीण विकास बैंकहरु मुनाफामा आई नसकेकोले कार्यान्वयन हुन नसकेको । पश्चिमाञ्चल ग्रामीण विकास लि.मा रहेको श्री ५ को सरकारको शेयर निजीकरण गर्ने प्रस्ताव अर्थमन्त्रालयले मन्त्रिपरिषद्मा पेश गरेको । |
| ३१ | ६० | वित्तीय रुपले समस्याग्रस्त सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेडको सुधारको लागि बैकल्पिक उपायको खोजीगर्ने क्रममा ग्रामीण विकास बैंक उच्चस्तरीय समन्वय तथा निर्देशन समितिको निर्णयानुसार गठन भएको तीन सदस्यीय कार्य दलबाट प्राप्त हुने प्रतिवेदनका आधारमा उक्त बैंकलाई सुधार गर्ने वा अन्य बैकल्पिक उपायहरुको व्यवस्था गरिने | सो संवन्धमा भए गरेका विवरणहरु उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/ लघु वित्त विभाग | बैकल्पिक उपायहरुको व्यवस्था सम्बन्धमा कार्य भइरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | ६१ | लघु वित्तलाई गरिबी निवारणको प्रमुख उपायको रुपमा विकसित गरी ग्रामीण र विपन्न वर्गसम्म यसको सेवा विस्तार गर्न लघु वित्त विकास बैंकहरुमा लगानी गर्न इच्छुक व्यक्तिहरुलाई अझ प्रोत्साहित गर्ने उद्देश्यले वर्तमान प्रति व्यक्ति/संस्था शेयर लिन सकिने अधिकतम सीमा चुक्ता पूँजीको १५ प्रतिशतलाई बढाई २५ प्रतिशतसम्म पुऱ्याउने व्यवस्था मिलाइने | भए गरेका कामहरुको विवरण उपलब्ध गराउने | लघु वित्त विभाग/ बैंक तथा वित्तीय संस्था नियमन विभाग | यस बैंकको प.सं. बै.वि.नि.वि.।यो।परिपत्र। लघु। ०६२।६३ मिति २०६२।५।२ को परिपत्रबाट घ वर्गको वित्तीय संस्थाको शेयरमा लगानी गर्न सक्ने अधिकतम सिमा १५% बाट बढाएर २५ प्रतिशतसम्म पुऱ्याइ सकिएको । |
| ३३ | ६३ | विश्व व्यापार सँगठनको सदस्यता प्राप्त गर्दा नेपालले सन् २०१० देखि विदेशी बैंकका शाखाहरू नेपालमा खोल्न सकिने प्रतिवद्धता जनाएको सन्दर्भमा आवश्यक व्यवस्था मिलाउने | यस सम्वन्धमा अध्ययन गरि विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन विभाग | नीति, नियम तथा आवश्यक पर्ने व्यवस्थाहरू तर्जुमा गर्न र विदेशी मुलुकहरूमा भएका व्यवस्थाहरू समेत अध्ययन गर्न एक अध्ययन टोली गठन भई सो टोलीले आफ्नो अध्ययन कार्य सम्पन्न गरिसकेको छ । सो को प्रतिवेदन चाडै सार्वजनिक गरिने छ । |
| ३४ | ६४ | वित्तीय क्षेत्रमा हुन सक्ने सम्भाव्य ठगी तथा जालसाजीहरुलाई निरुत्साहित गर्नको लागि वित्तीय क्षेत्रमा जालसाजी नियन्त्रण ऐन (Banking Fraud Control Act) को तर्जुमा गर्नेतर्फ कदम चालिने | कार्यान्वयन स्थितिको विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/ बैंक सुपरिवेक्षण/ वित्तीय संस्था सुपरिवेक्षण विभाग/कानून महाशाखा | ऐन नियमहरुको मस्यौदा तर्जुमा गर्न श्रीमान डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालय र कानून मन्त्रालयको प्रतिनिधित्व समेत रहेको एक कानून मस्यौदा समिति गठन भई कार्य प्रारम्भ भएको |
| ३५ | ६५ | नेपाल राष्ट्र बैंकको सूचना प्रविधि विकास, सुपरिवेक्षकीय क्षमता विकास र जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिलाई थप परिमार्जन गरिने र लेखा प्रणालीलाई | यस सम्बन्धी भएको कार्य विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/ बैंक सुपरिवेक्षण/वित्तीय संस्था सुपरिवेक्षण/ सूचना प्रविधि/वित्त | वित्तीय क्षेत्र सुधार स्थायित्व प्राप्तिका लागि नेपाल राष्ट्र बैंकको सूचना प्रविधिको विकास गर्ने कार्यका लागि IT Consultant कार्यरत रहनु भएको छ । निजको सिफारिशमा बैंकमा IT System को विकासका लागि IT Trainer |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अन्तराष्ट्रिय मान्यता प्राप्त प्रचलन तथा नेपाल लेखा मापदण्ड अनुरुप सुधार गर्दै लगिने | | व्यवस्थापन/संस्थागत योजना विभाग | नियुक्त गरी निजकै संलग्नतामा बैंकको विभिन्न विभागबाट करीव ३६ जना अधिकृतहरुलाई ३ महिने Computer तालिम प्रदान गरिएको छ। त्यस्तै, दुईजना Prototype Developer हरु नियुक्त गरी बैंकलाई सुहाउँदो Prototype को निर्माण गर्ने कार्य भई सकेको छ। बैंकको सुपरिवेक्षिय क्षमता विकासका लागि IOS Partners को Recommendation लाई लागू गर्न ७ जना International Consultant हरुको नियुक्तिको प्रक्रिया अन्तिम चरणमा छ। बैंकका जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिलाई थप परिमार्जनका साथ लागू गर्न एकजना International HR Advisor नियुक्त गरी निजद्वारा कार्य समेत शुरु गरि सकिएको छ। साथै बैंकको लेखा प्रणालीलाई अन्तरराष्ट्रिय मान्यता प्राप्त प्रचलन तथा लेखा मापदण्ड अनुरुप सुधार गर्न IOS Partners ले गरेको Recommendation को आधारमा उपरोक्त कार्य गर्न Chartered Accountants को एउटा Team खडा गरी सो कार्य अगाडि बढाउने प्रक्रिया शुरु गरिएको |
| ३६ | ६६ | नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लिखित उद्देश्यहरु एवं बैंकले निर्धारण गरेको दूरदृष्टि तथा लक्ष्य हासिल गर्न मध्यकालीन रणनीतिक योजना (२०६२/६३ - २०६६/६७) तर्जुमा गरी आर्थिक वर्ष २०६२/६३ देखि क्रमशः कार्यान्वयन गर्दै लगिने | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | संस्थागत योजना विभाग | यससम्बन्धमा नेपाल राष्ट्र बैंक, २०५८ मा उल्लिखित उद्देश्यहरु एबं बैंकले निर्धारण गरेको दूरदृष्टि तथा लक्ष्य हासिल गर्न सहयोगी हुने गरी बैंकको रणनीतिक योजना ( २०६२/६३ - २०६६/६७ ) को प्रारम्भिक मस्यौदा तयार भई अन्तिम रुप दिने प्रकियामा रहेको |
| ३७ | ६७ | नियतपूर्वक वा परिस्थितिवश ऋण नतिर्ने ऋणीहरुको वर्गीकरणका आधारमा त्यस्ता ऋणीहरुमाथि गरिनुपर्ने कारवाही वा चालिनु पर्ने कदमका सम्बन्धमा मन्त्रीपरिषद्को | यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने | बैंक तथा वित्तीय संस्था नियमन विभाग | बैंक तथा वित्तीय संस्थाहरुको ऋण नतिर्नेहरु उपर कारवाही तथा वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा सिफारिश सहितको प्रतिवेदन पेश गर्न श्री ५ को सरकार (म.प.) बाट मिति २०६१।११।२६ मा निर्णय भएको । सो अनुसारको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्णयबाट राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट प्रेषित प्रतिवेदनमा प्रस्ताव गरिए अनुरुपका अल्पकालीन र दीर्घकालीन उपायहरुलाई दृढताका साथ कार्यान्वयन गर्ने | | | गरिएको । उक्त प्रतिवेदनमा ऋण नतिर्ने ऋणीहरुलाई नियतपूर्वक ऋण नतिर्ने र परिस्थितिवश ऋण नतिर्ने गरी मुख्यतया दुई वर्गमा वर्गीकरण गरी निजहरु उपर छुट्टाछुट्टै किसिमले प्रचलित कानून अनुसार कारवाही गर्ने प्रक्रियाहरु पहिचान गरिएको । उपरोक्त व्यवस्था अनुसारका प्रक्रियाहरुलाई कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकले मिति २०६२।३।२९ को पत्रबाट जारी गरेको निर्देशनको इ.प्रा.निर्देशन नं. १२।६१।६२ को कर्जा सूचना तथा कालोसूची सम्बन्धिको निर्देशनमा समेत समावेश गरिएको । सम्बन्धित बैंकबाट नियतपूर्वक कर्जा नतिर्ने ऋणीहरुको राहदानी जफत गर्ने सम्बन्धमा प्राप्त अनुरोधलाई पहल गर्न सम्बन्धित निकायमा यस बैंकबाट पत्र पठाइदै आएको । साथै, सोही कालोसूची सम्बन्धी व्यवस्थामा बैंकहरुलाई कर्जा प्रदान गर्दा नै सावधान गराउन सकियोस् भन्ने उद्देश्यले धितो मूल्याङ्कन सम्बन्धी व्यवस्था, लेखापरीक्षक सम्बन्धी व्यवस्था, कालोसूचीमा समावेश नहुने अवस्थाहरु, कर्जा सूचना केन्द्रले निरीक्षण गर्न सक्ने व्यवस्था, कालोसूचीमा समावेश गर्नुपूर्व सूचना दिनुपर्ने व्यवस्था, भूलवस कालो सूचीमा समावेश भएकाहरुको सम्बन्धी लगायतका व्यवस्थाहरु समाबेश गरी कालोसूची सम्बन्धी व्यवस्थालाई भरपर्दो तथा विश्वसनीय बनाउन प्रयास गरिएको ।<br>बैंक तथा वित्तीय संस्थाहरुसँग ऋण लिई नियतपूर्वक ऋण नतिर्ने ऋणीहरु उपर श्री ५ को सरकार, मन्त्रिपरिषदले मिति २०६२।२।४ मा गरेका निर्णयहरुलाई नेपाल राष्ट्र बैंकबाट समेत बैंक तथा वित्तीय संस्थालाई जानकारी गराइएको । |
| ३८ | ६८ | गाभ्ने र गाभिने (Merger and Acquisition) संवन्धी कानूनी | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था | ऐन नियमहरुको मस्यौदा तर्जुमा गर्न श्रीमान डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालय र कानून |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्थाबारे पुनरावलोकन गर्न यस बैंकले पहल गर्ने | | नियमन/कानून महाशाखा | मन्त्रालयको प्रतिनिधित्व समेत रहेको एक कानून मस्यौदा समिति गठन भई कार्य प्रारम्भ भएको |
| ३९ | ६९ | निष्क्रिय कर्जाको उच्च अनुपातमा कमी ल्याउन तथा कर्जा असूलीमा प्रभावकारी सुधार ल्याउन ऋण असूली न्यायाधीकरणलाई सुदृढीकरण गरिनुका साथै सम्पत्ति व्यवस्थापन निगम (Assets Management Company) को स्थापना गर्नेतर्फ आवश्यक कदम चालिने | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन विभाग/कानून महाशाखा | निष्क्रिय कर्जाको उच्च अनुपातमा कमी ल्याउन तथा कर्जा असूलीमा प्रभावकारी सुधार ल्याउन ऋण असूली न्यायाधिकरणलाई सुदृढीकरण गर्ने सिलसिलामा न्यायाधिकरणको जनशक्ति विकासका लागि आवश्यक तालिम प्रदान गर्ने कार्य अगाडि बढाइएको । त्यस्तै, न्यायाधिकरणको भौतिक सुविधा सुदृढिकरणको लागि परियोजनाको तर्फबाट न्यायाधिकरणबाट माग भई आए बमोजिम Computer सामग्री समेत खरीद गरी प्रदान गर्ने कार्यलाई अगाडि बढाइएको छ । साथै, नेपालमा सम्पत्ति व्यवस्थापन निगम (Asset Management Company) स्थापना गर्न श्री ५ को सरकार, अर्थ मन्त्रालय, कानून मन्त्रालय र नेपाल राष्ट्र बैंकका पदाधिकारीहरु सम्मिलित टोली विभिन्न देशमा स्थापित AMC को अध्ययन गरी तत्पश्चात् AMC स्थापनाको कार्यअघि बढाईने छ । त्यस्तै, सम्पत्ती व्यवस्थापन नियमन सम्बन्धी अध्यादेशका मस्यौदा तयार गरि श्री ५ को सरकार समक्ष पेश भईसकेको छ । |
| ४० | ७० | बैंक, वित्तीय संस्था र ग्राहकबीच उत्पन्न असमझदारीबाट सिर्जना हुने गुनासो सुल्झाउनको लागि यस बैंकको केन्द्रीय कार्यालयमा डेपुटी गभर्नरको संयोजकत्वमा गठन भएको एक गुनासो सुनुवाई एकाइलाई प्रभावकारी पारिने | यस्ता गुनासाहरु सुल्झाउने | गुनासो सुनुवाई एकाइ/बैंक तथा वित्तीय संस्था नियमन विभाग | गुनासो सुनुवाईलाई प्रभावकारी पार्न दुई जना सल्लाहकार नियुक्त गरी एक समिति समेत गठन भई कार्य सुरु भएको र गुनासो सुनुवाई एकाइमा २०६२ पौषसम्म १२६ वटा गुनासो परेकोमा १०३ वटा गुनासो सुनुवाई समेत भइसकेको छ । |
| ४१ | ७१ | समग्र बैंकिङ्ग क्षेत्रको महत्वपूर्ण अंश ओगट्ने नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/बैंक सुपरिवेक्षण विभाग | समग्र बैंकिङ्ग क्षेत्रको महत्वपूर्ण अंश ओगट्ने नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनाको कार्यमा सुधार हुँदै आएकोले यस कार्यलाई चालू वर्षमा पनि निरन्तरता प्रदान गरिएको । यसै सिलसिलामा नेपाल बैंक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुधार कार्यबाट निष्क्रिय कर्जा अपेक्षित रुपमा असूली हुन नसकेतापनि यी बैंकहरुको पुनर्संरचना गर्ने कार्यमा सुधार हुँदै आएकोले यस कार्यलाई चालू वर्ष पनि निरन्तरता दिइने | | | लि को करार अवधि जुलाई २२, २००५ देखि लागू हुनेगरी दुई वर्षको करार अवधि थप गरिएको छ भने राष्ट्रिय वाणिज्य बैंकको करार अवधि जनवरी १५, २००६ देखि समाप्त हुन गइरहेको करार अवधि दुई वर्षको लागि थप भइसकेको छ । |
| ४२ | ७३ | जोखिममा आधारित सुपरिवेक्षण प्रणाली (Risk-based Supervision) लागू गर्ने र जोखिम व्यवस्थापन प्रणाली विकास गर्नका लागि निजी क्षेत्रबाट साख मूल्याङ्कन संस्था (Credit Rating Agency) खोल्न अभिप्रेरित गरिने | यस सम्बन्धी भएको कार्य विवरण उपलब्ध गराउने | बैंक सुपरिवेक्षण विभाग/वित्तीय संस्था सुपरिवेक्षण विभाग | Credit Rating Agency (CRA) स्थापना गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइएको । निजी क्षेत्रका लगानीकर्ताहरु यस्तो संस्था स्थापना गर्न अग्रसर भएपछि आवश्यक सहयोग गरिने नीति लिइएको |
| ४३ | ७४ | वित्तीय प्रणालीलाई व्यवस्थित गरी चेक,ड्राफ्ट, विल जस्ता विनिमयपत्रको कारोवार उपर विश्वसनीयता अभिवृद्धि गर्नको लागि विनिमय अधिकार पत्र ऐनलाई संशोधन तथा परिष्कृत गर्न सोको मस्यौदा तयार गरी श्री ५ को सरकार समक्ष पेश गरिने | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन विभाग/कानून महाशाखा | ऐन नियमहरुको मस्यौदा तर्जुमा गर्न डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालय र कानून मन्त्रालयको प्रतिनिधित्व समेत रहेको एक कानून मस्यौदा समिति गठन भई कार्य प्रारम्भ भएको |
| ४४ | ७५ | बैंक तथा वित्तीय संस्थाहरुले आ-आफ्नो ग्राहक पहिचान (know your customer - KYC) गर्न आर्थिक वर्ष २०६२/६३ भित्रै KYC सम्बन्धी नीति र निर्देशन जारी गरी कार्यान्वयनमा ल्याइने | नीति र निर्देशन कार्यान्वयन पश्चात भएका प्रगति विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन/बैंक सुपरिवेक्षण/वित्तीय संस्था सुपरिवेक्षण विभाग | KYC को लागि व्यवस्था गर्न प्रस्तावित निर्देशनको ड्राफ्ट तैयार भई सकेको र यसलाई सरोकारवालाहरुसँग छलफलको लागि पठाइसकिएको र सो बमोजिम परिष्कृत गरी लागू हुने क्रममा रहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | ७६ | सन् २००७ देखि वाणिज्य बैंकहरुमा लागू गरिने Basel II Accord को कार्यान्वयनबाट वाणिज्य बैंकहरुको पूँजीगत संरचनामा पर्ने असर बारे अध्ययन गरिने | यस सम्बन्धमा भएका कामको प्रगति विवरण उपलब्ध गराउने | बैंक सुपरिवेक्षण/वित्तीय संस्था सुपरिवेक्षण विभाग | Basel II Accord अम्वलम्बन गरेपछि नेपालको बैंकिङ्ग क्षेत्रमा पर्ने असरका सम्बन्धमा बैंक सुपरिवेक्षण विभागको अगुवाईमा भइरहेको Quantitative Impact Study (QIS) कार्य सम्पन्न भइसकेको |
| ४६ | ७७ | Basel Committee on Banking Supervision (BCBS) द्वारा अनुमोदित International Convergence of Capital Measurement and Capital Standard (Basel II) लाई नेपालमा कार्यान्वयन गर्ने निर्देशन मस्यौदा तयार गर्न वाणिज्य बैंकहरुका प्रतिनिधिहरु समेतको सहभागिता रहेको Accord Implementation Group (AIG) को एक अध्ययन समूह गठन भइसकेको संवन्धमा उक्त अध्ययनबाट प्राप्त हुन आउने परिणामको आधारमा वाणिज्य बैंकहरुको पूँजीगत संरचनालाई क्रमशः सक्षम तथा प्रभावकारी बनाउँदै लगिने | यस सम्बन्धमा गरिने अध्ययनको विवरण उपलब्ध गराउने | बैंक सुपरिवेक्षण/ वित्तीय संस्था सुपरिवेक्षण विभाग | बूँदा न.७६ कै स्थिति |
| ४७ | ७८ | पूँजीकोष अनुपात कुल भारित जोखिम सम्पत्तिको १२ प्रतिशत हुनुपर्ने,जसमध्ये प्राथमिक पूँजी न्यूनतम ६ प्रतिशत तोकिएको र 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्थाहरुको हकमा यो अनुपात ८ प्रतिशत कायम गरिने, जसमध्ये न्यूनतम प्राथमिक पूँजी ४.० प्रतिशत हुनुपर्ने | | बैंक सुपरिवेक्षण/ वित्तीय संस्था सुपरिवेक्षण विभाग | वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको पूँजीकोष अनुपात कायम भए/नभएको सम्बन्धमा बैंक सुपरिवेक्षण विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभागबाट नियमित अनुगमन भईरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | ७९ | नेपाल राष्ट्र बैंकको निरीक्षण तथा सुपरिवेक्षण विनियमावली तथा स्थलगत र गैरस्थलगत निरीक्षण निर्देशिका (Onsite and Offsite Inspection Manual) लाई आवश्यकतानुसार परिमार्जन गरिने । | भए गरेका कामको विवरण उपलब्ध गराउने | बैंक सुपरिवेक्षण/ वित्तीय संस्था सुपरिवेक्षण विभाग | निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०५९ तथा स्थलगत र गैरस्थलगत निरीक्षण निर्देशिकालाई आवश्यकताअनुसार परिमार्जन कार्यलाई निरन्तरता दिइरहिएको |
| ४९ | ८० | ठूला ऋणीहरुले एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा कारोवार (Multiple Banking) गरिरहेको परिप्रेक्ष्यमा त्यस्ता कारोवारबाट बैंक तथा वित्तीय संस्थाको कुल कर्जा प्रवाहमा रहन गएको सघनता (Concentration of Loan Portfolio) सम्बन्धमा एक विस्तृत अध्ययन गरी सो प्रतिवेदनको आधारमा यस बैंकबाट जारी गरिएका विवेकशील नियमनहरु (Prudential Regulations) मा उपयुक्त परिमार्जन गर्ने व्यवस्था गरिने | भए गरेका कामको विवरण उपलब्ध गराउने | बैंक तथा वित्तीय संस्था नियमन विभाग/वित्तीय संस्था सुपरिवेक्षण विभाग | २०६२ श्रावण १ गतेदेखि लागू हुने गरी एकिकृत निर्देशन तंयार गर्दा ती नियमनहरुलाई परिमार्जन समेत गरिएको ती नियमनहरु जारी भई सकेपछि पनि केही व्यवस्थाहरु थप परिमार्जन गरि सकिएको |
| ५० | ८२ | वाणिज्य बैंकहरुले व्यक्ति तथा संघ संस्थाहरुलाई विभिन्न प्रयोजनको लागि बढीमा अमेरिकी डलर १००० सम्मको सटही सुविधा सोझै प्रदान भइरहेकोमा आर्थिक वर्ष २०६२/६३ देखि लागू हुने गरी यस्तो किसिमको सटही सीमा वृद्धि गरी अमेरिकी डलर १५०० सम्म पुऱ्याइएको | यस सम्बन्धी भए गरेका कार्यको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | ८३ | अमेरिका, क्यानाडा, अष्ट्रेलिया, न्यूजील्याण्ड र बेलायत जस्ता विकसित देशहरुको आप्रवास भिसामा जाने नेपाली नागरिकहरुलाई settlement खर्चवापत् अमेरिकी डलर भिसा प्राप्त व्यक्तिको हकमा प्रति व्यक्ति अमेरिकी डलर ५,००० र निजको परिवार (Spouse) समेत जाने भएमा अमेरिकी डलर १०,०००।– उपलब्ध गराउने | यस सम्बन्धी अध्ययन गरी सोको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ५२ | ८४ | परिवर्त्य विदेशी मुद्रामा खाता भएका फर्म/संस्था/कम्पनीहरुले आफ्नो व्यापार, व्यवसाय प्रवर्द्धन गर्नको लागि भारत बाहेकका मुलुकहरुमा आयोजना हुने मेला, प्रदर्शनीमा भाग लिनको लागि स्टल बुकिङ्ग, रजिष्ट्रेशन शुल्क, सेवा शुल्क इत्यादिको भुक्तानी गर्न आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्रा सम्बन्धित फर्म/संस्था/ कम्पनीहरुले आफ्नो परिवर्त्य विदेशी मुद्रा खाता खर्च गर्ने गरी वाणिज्य बैंकहरुबाट सोझै प्रदान गर्न सक्ने | यस सम्बन्धी अध्ययन गरी सोको विवरण उपलब्ध गराउन | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ५३ | ८५ | विदेशी मुद्रामा खाता खोलेका व्यक्तिहरुको खाता सञ्चालन खातावालले अख्तियारी प्रदान गरेको अवस्थामा निजको दम्पति वा बाबु/आमाले पनि सो खाता सञ्चालन गर्नसक्ने व्यवस्था लागू गरिने | यस सम्बन्धमा भएका कामहरुको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | ८६ | निर्यातकर्ताको लागि लागू गरिएको Cash Against Documents (CAD) अन्तर्गत बैंक ग्यारेन्टीको आधारमा वस्तुहरु निर्यात गर्न सकिने व्यवस्थालाई समयानुकूल गरी एकपटकमा बढीमा अमेरिकी डलर १,००,००० सम्म निर्यात मूल्यको ५ प्रतिशतले हुने रकम बैंक ग्यारेण्टी राखेर निवेदन दिएमा यस बैंकले त्यस्तो निर्यात गर्ने स्वीकृति प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०६२/६३ देखि उक्त अमेरिकी डलर १,००,००० को सीमालाई वृद्धि गरी अमेरिकी डलर २,००,००० पुऱ्याइएको छ । साथै नगद, बचत पत्र, विकास ऋणपत्र तथा सम्बन्धित बैंकलाई मान्य हुने अन्य सुरक्षणपत्रहरुको आधारमा उक्त सीमासम्मको निर्यातको भुक्तानी वाणिज्य बैंकहरुबाट सोझै प्रदान गर्न सकिने व्यवस्था गरिने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउन | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | ८७ | ड्राफ्ट/टि.टी सुविधा अन्तर्गत भारतवाहेक तेस्रो मुलुकबाट सामान आयात गर्न पठाइएको अग्रिम भुक्तानी वापतको रकम कारणवश बिक्रेताले सामान सिपमेण्ट नगरी उक्त रकम फिर्ता पठाएको अवस्थामा भुक्तानी पठाउने समयमा धरौटी वापत भन्सार कार्यालयको नाममा जारी भएको चेक सम्बन्धित वाणिज्य बैंक आफैले रद्द गर्न सक्ने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ५६ | ८८ | परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रमा उल्लेखित रकमभन्दा बढीको डकुमेण्ट प्राप्त भएको अवस्थामा प्रतीतपत्रमा उल्लेखित मूल्यको २ प्रतिशत वा अमेरिकी डलर १००० मध्ये जुन कम हुन्छ, सो रकमसम्मको डकुमेण्ट सम्बन्धित वााणिज्य बैंक आफैले स्वीकार गर्नसक्ने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ५७ | ८९ | परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्र वा ड्राफ्ट/टि.टी अन्तर्गत बैंकबाट डकुमेण्ट छुटाउँदा वा अग्रिम भुक्तानी पठाउँदा सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको धरौटी वापतको चेक म्यादभित्र प्रयोग हुन नसकेमा ९० दिनभित्रैमा यथेष्ट प्रमाणसहित म्याद थप गर्न | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आएमा सम्बन्धित वाणिज्य बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्नसक्ने | | | |
| ५८ | ९० | यस बैंकको स्वीकृतिमा विदेशी मुद्रामा ऋण लिएका ऋणीसँग सो ऋणको व्याजदर Hedge गर्ने सिलसिलामा कुनै वाणिज्य बैंकले Interest Rate SWAP गर्न चाहेमा सो कारोवारबाट उत्पन्न कुनै पनि दायित्व यस बैंकले नलिने शर्तमा वाणिज्य बैंकहरुलाई त्यस्तो कारोवार गर्ने स्वतन्त्रता दिइने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ५९ | ९१ | निजी क्षेत्रका आयातकर्ताले नेपालमा रासायनिक मल आयात गर्ने क्रममा डकुमेण्ट छुटाउँदा आयातीत मूल्यको १० प्रतिशत रकम बैंकमा दाखिला गर्नुपर्ने वा बैंक ग्यारेण्टी पेश गर्नुपर्ने व्यवस्था भइरहेकोमा मल आयातमा निजी क्षेत्रलाई थप प्रोत्साहित गरी यथासमयमा मल आपूर्तिको व्यवस्था मिलोस भन्ने उद्देश्यले उक्त १० प्रतिशत धरौटी रकमलाई २ प्रतिशतमा झार्ने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ६० | ९२ | वाणिज्य बैंकमा विदेशी मुद्राको खाता हुने अन्तर्राष्ट्रिय संघसंस्थाहरुले भारतमा विदेशी मुद्रामा नै भुक्तानी गर्नुपरेमा वाणिज्यबैंकहरुबाट सिधै भुक्तानी पठाउन सक्ने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | ९३ | पासपोर्टमा दरपीठ गर्ने व्यवस्था हटाउने र एक आर्थिक वर्षमा सो प्रयोजनकालागि एक भन्दा बढी पटक विदेशी मुद्रा सटही सुविधा दिने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ६२ | ९४ | नेपालमा संचालित निजी क्षेत्रका उद्योग, कम्पनी वा फर्मले विदेशबाट ऋण लिनु परेमा नेपाल राष्ट्र बैंकसँग अनुमति लिनु पर्ने व्यवस्था रहेकोमा कसैले कुनै स्वदेशी सम्पत्ति धरौटी नराखी एकवर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण लिन चाहेमा राष्ट्र बैंकलाई जानकारी मात्र दिए पुग्ने, अनुमति लिनु नपर्ने व्यवस्था गरिएको | यस सम्बन्धी तथ्याङ्क तयार पार्ने र उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |
| ६३ | ९६ | आर्थिक वर्ष २०६२/६३ देखि चाँदीका भाँडाकुँडा तथा गरगहना बनाई निर्यात गर्ने व्यवसायीलाई अन्तर्राष्ट्रिय बजारमा चलेको मूल्यमा यस बैंककै मौज्दातबाट चाँदी उपलब्ध गराउने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयनको स्थितिमा रहेको |
| ६४ | ९७ | भारतबाट अमेरिकी डलर भुक्तानी गरी आयात गरिने कच्चा पदार्थ तथा Intermediate वस्तुको संख्या बढाइने | आवश्यक व्यवस्था मिलाई भएका प्रगतिको विवरण उपलब्ध गराउने | विदेशी विनिमय व्यवस्थापन विभाग | कार्यान्वयन भइसकेको |